# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २६ असोज २०८०
# शुक्रवार
# बैठक सङ्ख्या- ४३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:३१ बजे प्रारम्भ भयो ।

(११:३३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा "पार्वती" लाई राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(११:३४ बजे) **राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय श्री दिल कुमारी रावल थापा "पार्वती"**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म जनताको प्रत्यक्ष सरोकार राख्ने जन्मदेखि मृत्युसम्म जोडिने स्थानीय तह, स्थानीय सरकार जन्मिनेबित्तिकै जन्म दर्ताको लागि चाहिन्छ । मृत्यु पर्यन्त पनि मृत्यु दर्ताका लागि पनि चाहिन्छ । त्यही स्थानीय तह, स्थानीय सरकारमा कार्यरत कर्मचारीहरू अहिले आन्दोलनमा हुनुहुन्छ । कर्मचारीहरू अहिले सडकमा

भौंतारिइरहनुभएको छ । त्यसैले म गम्भीरतापूर्वक सरकारलाई स्थानीय तहमा कार्यरत कर्मचारीहरूको मागका सन्दर्भमा गम्भीर बन्न, वार्तामा राखेर छलफल गरी समस्या समाधान गरेर अहिले आमजनताले भोगिरहेका दैनिक समस्याहरू समाधान गर्नको लागि विशेष आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, कानुन निर्माण, सरकारको निगरानी, जनताको प्रतिनिधित्व गर्ने संसद र यसका संसदीय समितिहरूले सरकारको कामकारबाहीलाई कारबाहीको अनुगमन मूल्याङ्कन गरी राय सुझाव र निर्देशन दिई सरकारलाई जनताप्रति उत्तरदायी बनाउने दायित्व हामीसमक्ष छ । सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कार्यवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन राय सल्लाह दिन राष्ट्रिय सभाअन्तर्गत चारओटा विषयगत समितिहरू रहने राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) को व्यवस्थाबमोजिम राष्ट्रिय सरोकार तथा समन्वय समिति एक हो । राष्ट्रिय सभा नियमावलीले तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय सम्पदा, मानव अधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयनको अवस्था, समन्यायिक विकास, पछाडि पारिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा, संवैधानिक आयोगसम्बन्धी विषय यस समितिको कार्यक्षेत्र रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम (४) को व्यवस्थाबमोजिम आज म राष्ट्रिय सरोकार तथा समन्वय समितिको पाँचौ वार्षिक प्रतिवेदन यस सम्मानित सभामा पेस गर्न उपस्थित भएको सन्दर्भमा समितिको वार्षिक कामकारबाहीहरूको सङ्क्षिप्त विवरण जानकारी गराउन चाहान्छु । यस समितिले विगतका वर्षहरू जस्तै गत आर्थिक वर्षमा पनि आफ्नो कार्यक्षेत्र भित्रका विषयमा निरन्तर छलफल निगरानी तथा निर्देशन दिनुका साथ आम नागरिकको चासो सरोकारका विषयमा समेत निरन्तर खबरदारी गरिरह्यो । यस समितिले आफ्नो कार्यक्षेत्र केन्द्रित भई अन्तर्राष्ट्रिय सम्बन्धको नियमन तथा व्यवस्थापन गर्न अङ्गीकार गर्नुपर्ने सिद्धान्त, आर्थिक कूटनीति, कूटनीतिक निकायहरूको निर्वाह गर्नुपर्ने भूमिका, सन्धि सम्झौतासम्बन्धी कानुनी व्यवस्था, राष्ट्रहित अनुकूल पुनरावलोकन गर्नुपर्ने सन्धि सम्झौता, मानव अधिकारसम्बन्धी नीतिगत, कानुनी, संस्थागत व्यवस्था, राष्ट्रिय सम्पदाको संरक्षण र संवर्धन, संवैधानिक आयोगसम्बन्धी अवधारणा, समन्यायिक विकाससम्बन्धी नीतिगत व्यवस्था, राज्य संरचनाको तीन तहबिच राजनीतिक, वित्तीय, प्रशासनिक कानुनी सम्बन्ध, पिछडिएको क्षेत्रको अवस्था, हवाई क्षेत्रलाई सुरक्षित र भरपर्दो

बनाउन अवलम्बन गर्नुपर्ने उपाय, क्यान्सर रोगको पहिचान, निदान उपचारसम्बन्धी नीतिगत, कानुनी व्यवस्था, स्वास्थ्य क्षेत्रको समग्र सुधारका सम्बन्धमा तहगत राज्य संरचनाको विकासमा लैङ्गिक मूलप्रवाहीकरण, महिला अधिकारसम्बन्धी कानुनी व्यवस्था, नेपाल-भारत जलस्रोतसम्बन्धी, सम्बन्धमा राष्ट्रिय सुरक्षासम्बन्धी नीतिगत तथा व्यवस्थाको कार्यान्वयन, निर्वाचन प्रणालीमा गर्नुपर्ने सुधार, यौनिक तथा  लैङ्गिक अल्पसङ्ख्यक समुदायको समस्या र समाधानलगायतका विषयहरूमा विषयविज्ञ, सम्वन्धित निकायहरूको पदाधिकारी सरोकारवाला पक्षसँग छलफल गरी सरकारलाई ध्यानाकर्षण गराएको छ ।

यसै गरी, यस समितिले आफ्नो कार्यक्षेत्रभित्र पर्ने महत्त्वपूर्ण राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत आर्थिक वर्ष २०७९/०८० मा विद्युत् प्रसारण आयोजना, महाकाली सिँचाइ आयोजना, उत्तर दक्षिणी (कालिगण्डकी करिडोर), रेल्वे तथा मेट्रो विकास आयोजना, हुलाकी लोकमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग, उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग, उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग, उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग र पशुपति क्षेत्र विकास कोष जस्ता राष्ट्रिय गौरवको आयोजनाको सम्बन्धमा मन्त्रालय सम्बद्ध पदाधिकारी, निर्माण कम्पनीलगायत अन्य सरोकारवाला पक्षसँग छलफल र केही आयोजनाको स्थलगत अनुगमन गरी राष्ट्रिय गौरवका आयोजनामा देखिएका समस्याहरू तत्काल समाधान गर्न समितले नीतिगत र आयोजनागत निर्देशनहरू दिएको थियो । समितिले कार्यक्षेत्रअन्तर्गतका विषयहरूमा राष्ट्रिय सरोकार र अन्य समसामयिक विषयमा सरोकारवाला निकायहरूसँग विभिन्न मितिमा छलफल गरी आवश्यकअनुसार निर्देशन दिएको थियो ।

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा महिला उम्मेदवारको प्रतिनिधित्वको सुनिश्चित गर्न नेपालको संविधानको धारा ३८ (४) दिगो विकास लक्ष्यको मर्म र भावनाअनुसार  निर्वाचन हुने राज्यका सबै तह, पद र निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता हुने गरी कानुनी व्यवस्था गर्न, निर्वाचनसम्बन्धी विधेयक संघीय संसदमा पेस गर्न, २०७४ सालको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा भाग लिने राजनीतिक दलको तर्फबाट पेस भएको समानुपातिक उम्मेदवारको बन्दसूची आगामी निर्वाचन मनोनयन भन्दा अघिल्लो दिन स्वतः खारेज हुने व्यवस्था गर्न, निर्वाचन आचारसंहितालाई कडाइका साथ पालना गराउन, आर्थिक वर्ष २०८०/०८१ को बजेटमा जिल्ला निर्वाचन कार्यालयहरूको खारेजी गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ रहने भनी प्रस्तावको सन्दर्भमा निर्वाचन आयोगसँग परामर्श गरी उक्त प्रस्तावको पुनरावलोकन गर्न नेपाल सरकार र निर्वाचन आयोगलाई निर्देशन दिएको थियो ।

त्यसै गरी स्वदेशमै काठजन्य वन पैदावारको उत्पादन आपूर्ति गर्दै आयात विस्थापन गर्ने, सबै सरकारी निकायले स्वदेशी काठ र स्वदेशी काठजन्य फर्निचर प्रयोग गर्ने, काठको गोलियाको मापन गर्ने सुत्रको पुनरावलोकन गर्न, काठजन्य वन पैदावार कटान र सङ्कलनको समय अवधि पुनरावलोकन गर्न, वन र वन्यजन्तुसम्बन्धी मुद्दा कसुरको कारबाही र किनारा गर्ने तीनै तहको समन्वयमा गर्न, मध्यवर्ती क्षेत्र बफर जोनमा देखिएका समस्या समाधान गर्न सम्बन्धित कानुनमा संशोधन गर्न निर्देशन दिएको थियो । जनस्वास्थ्यसम्बन्धी आम नागरिकलाई प्रदान गरेको स्वास्थ्य सेवा प्रणालीमा व्यापक सुधार गर्न स्वास्थ्य क्षेत्रको समग्र सुधार गर्न निर्देशन दिएको थियो । समितिको कार्यक्षेत्रलाई, विषयलाई गहन अध्ययन, निरन्तर निगरानी तत्काल निर्देशन दिनुपर्ने विषय भएमा समितिमा सिफारिस गर्नका लागि माननीय रामचन्द्र राई, माननीय गोपी बहादुर सार्की आछामी माननीय शेखर कुमार सिंह को संयोजकत्वमा ३ ओटा उपसमितिहरू गठन भई उपसमितिमार्फत समेत समितिको कार्य सम्पादन हुँदै आएको छ ।

समितिले राष्ट्रिय सभामा पेस गरेको प्रतिवेदनमध्ये आर्थिक वर्ष, २०७५/०७६ आर्थिक वर्ष २०७६/०७७ आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन सभामा पेस गरिसकेको छ । साथै आर्थिक वर्ष आ. व. मा यस समितिले समितिको प्रभावकारितासम्बन्धी अन्तरक्रिया कार्यक्रम र समितिको कार्यक्षेत्र र कार्ययोजनासम्बन्धी अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरेको छ ।

समितिको आर्थिक वर्ष २०७९/०८० मा समितिका ६९ ओटा बैठक र समितिअन्तर्गत गठित उपसमितिका १३ ओटा बैठक सम्पन्न भएका छन् । समितिले आफ्नो कार्यक्षेत्रभित्र रही कार्य सम्पादन गर्ने क्रममा सरकारका सम्बद्ध पदाधिकारीहरू, राष्ट्रसेवकहरू, विज्ञ सरोकार पक्षहरूसँग व्यापक छलफल, नेपाल सरकारलाई दिएका निर्देशन, स्थलगत अनुगमन, अन्तरक्रिया कार्यक्रमहरू, निर्देशन कार्यान्वयनको अवस्था, कार्य सम्पादनको क्रममा सामना गरेका चुनौती तथा समस्याहरू, सुझाव र सिफारिसहरू, यो अवधिमा समितिले हासिल गरेका अनुभवहरू समेतलाई समेत समेटेर राष्ट्रिय सरोकार तथा समन्वय समितिको पाँचौ वार्षिक प्रतिवेदनको रूपमा यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा संसद र समितिलाई प्रभावकारी र गतिशील बनाउनका लागि समितिले प्रस्तुत गरेका सुझाव, सिफारिसअन्तर्गत विषयगत निर्देशन दिँदा संयुक्त बैठक बस्ने, संयुक्त अनुगमन तथा संयुक्त निर्देशनको परम्परा बसाल्ने, निर्देशन कार्यान्वयनको नियमित समीक्षा गरी पुनरावलोकन गर्ने संरचना निर्माण गर्नुपर्ने, कार्यान्वयन गर्ने निकायको क्षमता र निर्देशनको

कार्यान्वयन योग्यताको अवस्था हेरी निर्देशन दिने अभ्यास सुरु गर्नुपर्ने, समितिले दिएको निर्देशन अध्ययन तथा अनुसन्धानमा आधारित हुनुपर्ने, निर्देशन कार्यान्वयन गर्ने निकायले निर्देशन कार्यान्वयनको प्रगति विवरण नियमित रूपमा समितिलाई पठाउने व्यवस्था गर्नुपर्ने, निर्देशन कार्यान्वयन गर्ने निकायलाई निर्देशन कार्यान्वयनको लागि थप बजेट आवश्यक भएमा समितिबाटै सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने, समितिले सरकारलाई दिने निर्देशन तथा निर्देशन कार्यान्वयन सम्बन्धमा विज्ञहरूको राय सल्लाहको लागि विज्ञ सम्मिलित संरचना निर्माण गर्नुपर्ने, संसदीय अध्ययन तथा प्रशिक्षण केन्द्र निर्माण गर्नुपर्ने, समितिको वार्षिक प्रतिवेदनलगायत सबै प्रतिवेदन सभामा छलफल गर्नुपर्नेलगायतका सुझावहरूसमेत समेटिएको छ ।

अन्त्यमा, समितिको कार्यसम्पादनको क्रममा भएका छलफल, अनुगमन, अन्तरक्रियालगायत समितिका कामकारबाहीहरूमा समितिलाई आफ्नो अमूल्य सुझाव, सल्लाह मार्गदर्शन, अभिभावकत्व एवम् हौसला प्रदान गर्नुहुने सभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूप्रति, म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । समितिको कामकारबाहीमा सहयोग गर्नुहुने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरू, समितिका माननीय सदस्यज्यूहरू, समितिका कामकारबाहीमा समन्वयात्मक सहयोग पुऱ्याउनुहुने संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, समितिका सचिवलगायत, सचिवालयका साथीहरू, सम्बन्धित मन्त्रालय, निकाय, आयोजनाका पदाधिकारी एवम् कर्मचारीहरू राजनीतिक दलका प्रतिनिधिहरू सञ्चारकर्मी मित्रहरू समितिको कामलाई प्रत्यक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सम्बन्धित क्षेत्रका विज्ञ, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षा निकाय सरोकार पक्षहरूलगायत सबै यस समितिमा सहयोग गर्नुहुने सबैप्रति आभारसहित हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

समितिको आज मिति २०७८ साल असोज २६ गते बसेको समितिको बैठकबाट पारित राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवेदन, २०७९/०८० राष्ट्रिय सभा नियमावली २०७५ का नियम १५९ को उपनियम (४) को व्यवस्थाबमोजिम यस सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(११:४५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब माननीय सदस्य रमेशजंग रायमाझीलाई "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्" भनी राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३६ बमोजिम समितिमा रहनुहुने माननीय सदस्यहरूको नामावलीसहितको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**(११:४६ बजे) <u>माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, "राष्ट्रिय सभाको नियमावली, २०७५" संशोधन मस्यौदा समिति गठन प्रस्ताव सम्बन्धमा नियमावली संशोधन मस्यौदा समितिको गठन, यो प्रस्तावबमोजिम गठित समितिको नाम "राष्ट्रिय सभा नियमावली, २०७५" को संशोधन मस्यौदा समिति रहेको छ ।

समितिका देहायबमोजिमको माननीय सदस्यहरू रहने बेहोरा छ ।

१. माननीय सदस्य अनिता देवकोटा

२. माननीय सदस्य खिमलाल देवकोटा

३. माननीय सदस्य जितेन्द्र नारायण देव

४. माननीय सदस्य तुल प्रसाद विश्वकर्मा

५. माननीय सदस्य दिल कुमारी रावल थापा "पार्वती"

६. माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ

७. माननीय सदस्य मदन कुमारी शाह (गरिमा)

८. माननीय सदस्य महेश कुमार महरा

९. माननीय सदस्य मोहम्मद खालिद

१०.माननीय सदस्य डाक्टर विमला राई पौडयाल

११.माननीय सदस्य शेखर कुमार सिंह

१२.माननीय सदस्य सुरेश कुमार आलेमगर

**समितिको कार्यक्षेत्र**: राष्ट्रिय सभा र समितिमा सुव्यवस्थित रूपमा सञ्चालन गर्न राष्ट्रिय सभा नियमावली, २०७५ मा रहेका सभा तथा समिति सञ्चालनको सन्दर्भमा देखापरेको कठिनाइहरू पहिचान गरी नियमावलीको संशोधन मस्यौदा तयार गरी सभामा पेस गर्ने ।

**समितिको कार्यविधि**: (१) अध्यक्षको सामान्य निर्देशनमा रही समितिको आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने छ । (२) समितिको सदस्यहरूले आफूहरूमध्येबाट एक जना सभापति चयन गर्ने छ । (३) समितिहरूले राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम अन्य अधिकार तथा

कार्यविधि अपनाउने छ । (४) समितिको आवश्यक परेको विषयलगायत सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्ने छ ।

**समितिको कार्य अवधिः** समितिको कार्य अवधि २०८० साल पुष १४ गतेसम्म रहने छ ।

| **प्रस्तावक** | **समर्थक** |
|---|---|
| रमेशजंग रायमाझी | माननीय सदस्य देवेन्द्र दाहाल र माननीय सदस्य गोपी बहादुर आछामी । |

धन्यवाद ।

(११:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावका समर्थक माननीय सदस्य गोपी बहादुर सार्की आछामीलाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

(११:४८ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य रमेशजंग रायमाझीले प्रस्तुत गर्नुभएको "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्तावको समर्थन गर्दछु । धन्यवाद ।

(११:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावका अर्का समर्थक माननीय सदस्य देवेन्द्र दाहाललाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

(११:४९ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य रमेशजंग रायमाझीले प्रस्तुत गर्नुभएको "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्तावको समर्थन गर्दछु । धन्यवाद ।

(११:५० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठन गरियोस्" भन्ने माननीय सदस्यहरूको नामावलीसहितको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय प्रकाश पन्थ प्रस्तावक र माननीय शारदा देवी भट्ट, माननीय सिंग वहादुर विश्वकर्मा, माननीय तुल प्रसाद विश्वकर्मा माननीय भगवती न्यौपाने, माननीय खिमलाल देवकोटा, माननीय अनिता देवकोटा, माननीय गंगा कुमारी वेलबासे, माननीय रमेशजंग रायमाझी, माननीय बामदेव गौतम, माननीय विमला घिमिरे, माननीय दिल कुमारी रावल थापा "पार्वती", माननीय विना पोखरेल, माननीय देवेन्द्र दाहाल, माननीय मदन कुमारी शाह (गरिमा), माननीय उदय बहादुर बोहरा, माननीय महेश कुमार महरा, माननीय सुमित्रा वि.सी., माननीय तुलसा कुमारी दाहाल, माननीय डा. विमला राई पौडयाल, माननीय सोनाम गेल्जेन शेर्पा र माननीय रामचन्द्र राई समर्थक भई "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी विषयमा" सङ्कल्प प्रस्ताव दर्ता गर्नुभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट संशोधनको सूचना प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म सङ्कल्प प्रस्तावका प्रस्तावक माननीय सदस्य प्रकाश पन्थलाई उक्त सङ्कल्प प्रस्ताव सभासमक्ष पेस गर्न समय दिन्छु । समय १२ मिनेट ।

(११:५२ बजे) **मानननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव सभासमक्ष पेस गर्न चाहन्छु । राष्ट्रिय सभाको नियमावली बमोजिम अपाङ्गता भएको व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव यहाँ प्रस्तुत भएको छ । सङ्कल्प प्रस्तावको बेहोरा निम्नअनुसार रहेको छ ।

अपाङ्गता भएका व्यक्तिको सम्मानजनक, मर्यादित र स्वतन्त्र जीवनयापनका लागि संविधानप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि र सम्बन्धित कानुनहरूको सफल र प्रभावकारी कार्यान्वयन गर्नु नेपाल राज्यका सबै तहका सरकार तथा निकायहरूको चाहिँ उच्च जिम्मेवारी र उच्च प्राथमिकता रहनेछ भन्ने बेहोराको सङ्कल्प प्रस्ताव रहेको छ ।

सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुको औचित्य र कारणहरू चाहिँ यस प्रकार रहेको:- नेपालको संविधानले अपाङ्गताको आधारमा गरिने सबै खाले भेदभावहरूलाई निषेध गरेको छ । यसै गरी सामाजिक न्याय, राजनीतिक अधिकार, सामाजिक सुरक्षा, शिक्षालगायत मौलिक हकअन्तर्गतका अपाङ्गता भएका व्यक्तिहरूका अधिकारका सवालहरूलाई पनि संविधानमै धेरै कुराहरू सम्बोधन गरेको पनि छ । संविधानप्रदत्त मौलिक हक कार्यान्वयनका लागि विशेष ऐनका रूपमा अपाङ्गता अधिकारसम्बन्धी ऐन, २०७४ पनि छ र यसको नियमावली, २०७७ पनि जारी गरिसकेको अवस्थाहरू पनि छ । तर अपाङ्गता भएकासम्बन्धी यति धेरै संवैधानिक र कानुनी प्रावधानहरू हुँदा हुँदै पनि यही धेरै व्यवस्थाहरू भएता पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दाखेरि थुप्रै समस्याहरू यथावतै रहेको कुरा छ । र यो मुख्य चुनौतीका रूपमा भएका ऐन, कानुन कार्यान्वयन हुन नसक्नुनै मुख्य चुनौतीको रूपमा हाम्रो सामु खडा भएको स्थिति चाहिँ छ । मौजुदा कानुनीहरूको चाहिँ कमजोर कार्यान्वयन र कतिपय कानुनमा विद्यमान अपाङ्गता भएका व्यक्तिहरूप्रतिको विभेदले अहिले पनि बाँकी रहेको कारणले गर्दा एकातर्फ कानूनप्रदत्त हकको प्रचलन गर्ने कुरा पनि राज्यको चासो छैन भने यसमा प्राथमिकता छैन भने अर्को, यी सबै कारणले गर्दा चाहिँ अपाङ्गता भएका व्यक्तिहरूको चाहिँ थप अरू पिर, मर्कामा भ'का कुराहरू महसुस गरिरहेका स्थितिहरू चाहिँ छ ।

नेपालको संविधानलगायत विकासका विभिन्न दस्तावेजहरूले चाहिँ अपाङ्गता भएका व्यक्तिहरूलाई चाहिँ सामाजिक, आर्थिकलगायत थुप्रै कुराले चाहिँ अगाडि सँगसँगै लैजाउ, पछाडि

नपार्ने भन्ने कुराहरू चाहिँ छ । यसलाई पछाडि पारेको समुदायको रूपमा राज्यले पनि स्वीकार गरिसकेको स्थिति छ तर यसतर्फ चाहिँ लक्षित गरेर चाहिँ प्रभावकारी कार्यक्रमहरू हुन नसकेको कुराहरू चाहिँ हाम्रो सामु विद्यमान नै छन् ।

र तर अब यो सँगसँगै दिगो विकास लक्ष्यको पनि यहाँ नेपालका कार्यान्वयन भइरहेको छ । यी सबै कार्यक्रमहरूले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समेट्न सकेको छैन । कोही व्यक्तिलाई पनि पछाडि नपार्नु भनेको चाहिँ छ, मूल मर्म । तर फेरि सबैलाई पछाडि पारिएको स्थिति सँगसँगै लान नसकेको स्थितिहरू चाहिँ हामी कहाँ छ । सँगसँगै यी दिगो विकास लक्ष्य कार्यान्वयन हुँदै गर्दाखेरि अपाङ्गता भएका व्यक्तिहरू कहाँ के सुधार भयो भन्ने कुराको चाहिँ स्पष्ट डाटाहरू, तथ्याङ्कहरू हामी कहाँ, सरकारसँग अहिलेसम्म पनि छैन । मुलुक चाहिँ व्यवस्था परिवर्तन भइरहने अनि फेरि संघीयता, गणतन्त्र स्थापना भएको अहिले १५ वर्ष भइसक्यो संविधान आ'को पनि । र हामी तीन तहको निर्वाचन गरेको पनि ८ वर्ष भइसक्यो, भइसक्यो, संविधान निमार्ण भा'को पनि र अब यो बिचमा थुप्रै कानुनहरू पनि बने । अब यो बिचमा चाहिँ नीति तथा बजेट कार्याक्रमहरू ६ ओटा नयाँ नै आइसक्यो । यी सबै कुराहरूले चाहिँ हामीलाई अहिले पनि निराशाजनक नै स्थितिमै राखिर'को छ । यी सबै कुराहरूलाई चाहिँ यी सबै कुराहरूलाई हामी मध्यनजर गरेर चाहिँ अब अपाङ्गता भएका व्यक्तिका पक्षमा बनेका संविधानहरू, संवैधानिक कुराहरू छन्, नीतिगत कुराहरू छन्, कानुनी व्यवस्थाहरू छन् । यी सबै कुराहरू चाहिँ अब प्रभावकारी कार्यान्वयन गर्ने कुराहरू, यसलाई विभेदकारी व्यवस्थालाई हटाउने, संशोधन गर्ने कुरा र अब बन्न बाँकी कानुनहरूलाई पनि बनाउने कुरामा चाहिँ नेपाल सरकार, प्रधानमन्त्री कार्यालयसहित अरू दर्जन कार्यालयहरूले चाहिँ दर्जन मन्त्रालयहरूले सँगसँगै काम गर्दियो भने मात्रै यी धेरै कुराहरू उपलब्धि हासिल गर्न सक्ने स्थितिहरू हामी देखेका छौँ । त्यही भएर हामीले केही मन्त्रालयहरूलाई हामीले चाहिँ स्पष्ट निर्देशनका रूपमा पनि केही निर्देशन गर्नुपर्ने भा'को हुनाले हामीले चाहिँ यो सङ्कल्प प्रस्तावहरू चाहिँ यहाँ सभासमक्ष पेस गरेका हौँ ।

अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई चाहिँ के छ भन्दा अधिकार सम्पन्न अधिकार प्रवर्धन गर्ने खालको चाहिँ एउटा प्रतिष्ठान वा आयोग नै बनाउनु पर्‍यो छुट्टै खालको, एउटा शक्तिशाली आयोग नै हामीले महसुस गरेका छौँ । अरू थुप्रै संवैधानिक आयोगहरू छ तर अपाङ्गता हेर्ने विषय, आयोगहरू चाहिँ शक्तिशाली कुनै प्रतिष्ठान वा आयोग नभएको कारणले गर्दा यो विषय

पछि परेको छ । यो विषयलाई सम्बोधन गर्ने गरी चाहिँ अब केही शक्तिशाली प्रतिष्ठान बनाउनुपर्‍यो अथवा आयोग बनाउनुपर्‍यो भन्ने कुरा प्रधानमन्त्री कार्यालयलाई निर्देशनहरू छ ।

अपाङ्गताका व्यक्तिहरूको चाहिँ दर्जन मन्त्रालयले चाहिँ सँगसँगै काम गर्नुपर्ने छ । तर त्यहाँ समन्वयको अभाव भएको कारणले गर्दा त्यसलाई समन्वयन गर्ने गरी चाहिँ एउटा संयन्त्र पनि एउटा प्रभावशाली संयन्त्र नै बनाएर अगाडि बढ्नुपर्ने स्थितिहरू छ । अनि सेवाप्रदायक निकायहरूमा पनि एउटा सहायता कक्षहरू, सेवा प्रवाहका कुराहरू हामीले गर्‍या छ, सुशासनका कुरा गर्‍या छ तर सेवा लिने ठाउँमा अपाङ्गता भ'का व्यक्तिहरूले सजिलैसँग सेवा प्राप्त गरिरहेको छैन । ती सबै ठाउँहरूमा जहाँ जहाँबाट सेवा प्रवाह हुन्छ, त्यहाँ, त्यहाँ चाहिँ सहायता कक्षहरू स्थापना गर्नुपर्ने कुराहरू छ । विभेदजन्य कानुनहरूलाई संशोधन गर्नुपर्ने कुराहरू छन् । यसै गरी संविधानको धारा ८४ र १७६ अनुसार चाहिँ प्रतिनिधिसभा तथा प्रदेशसभाहरूमा चाहिँ अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चितता हुन सकिरहेको छैन । निर्वाचनसम्बन्धी कानुनहरूमा यसलाई विशेष अनिवार्य रूपमा बनाएर विशेष कोटा पनि बनाएर अगाडि बढ्नुपर्ने स्थितिहरू छ । स्थानीय तहको कार्यपालिकामा पनि अपाङ्ग भा'का व्यक्तिहरूको प्रतिनिधित्व हुन सकिरहेको छैन । यसलाई पनि चाहिँ हामीले संशोधन गरेर मिलाउनुपर्ने स्थिति छ ।

यसै गरी दिगो विकासको लक्ष्यहरूमा कसैलाई पछाडि नछोड्ने भन्या छ तर छोडिरहेको छ । यो sprit लाई चाहिँ catch गर्ने गरी अगाडि बढ्नुपर्ने स्थितिहरू छ । राजनीतिक दलहरूले पनि हरेक ईकाइहरूमा, हरेक समितिहरूमा चाहिँ जिल्लादेखि केन्द्रसम्म, पालिकासम्म, वडासम्मको सबै ईकाइहरूमा सबै राजनीतिक दलहरूले चाहिँ संविधान मान्नुपर्ने भएपछि अपाङ्गता भएका व्यक्तिहरूलाई संविधान अनुकूल हुने गरी सबै ठाउँहरूमा चाहिँ उनीहरूलाई चाहिँ समावेश गर्नुपर्ने त्यो कानुनी व्यवस्था नै गर्नुपर्ने कुराहरू पनि छ । जनगणना गर्दै गर्दाखेरि पनि अपाङ्ग भएका व्यक्तिहरूको विवरण आउन सकेको छैन । खाली यति छ भन्ने मात्र आ'को छ । २.२ percent छ भनेर चाहिँ आ'को छ । तर तिनीहरूको शिक्षाको अवस्था के छ? स्वास्थ्यमा के छ? अरू अरू के छ भन्ने कुराहरू यी सबै कुराहरूमा आउन सकिरहेको छैन । त्यही भएर अब चाहिँ ती व्यक्तिहरूलाई पनि अब यो शिक्षा, स्वास्थ्य, रोजगारी, द्वन्द्वबाट अपाङ्गता भएका व्यक्तिहरू, जीवनयापन, सेवा सुविधामा पहुँच नभएका व्यक्तिहरू यी सबैका लागि सबै वर्ग, क्षेत्र, लिङ्ग र विभिन्न जातजातीहरूको अवस्था झल्कने गरी चाहिँ तथ्याङ्कहरू आउन पर्ने कुराहरू छ ।

र यसै गरी गृह मन्त्रालय पनि सबै अपाङ्गता भ'का व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको दायरा भित्र ल्याउनुपर्ने छ । प्राकृतिक र अन्य विपद्का कारण चाहिँ उनीहरूलाई उद्धार, राहत र पुर्नलाभका कुराहरूमा उनीहरूलाई प्राथमिकतामा राखुपर्ने कुराहरू छ ।

अब संसदले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले ती विभेदजन्य कानुनहरूको लागि संशोधन गर्नुपर्ने छ । विभेदजन्य प्रावधान हटाउनुपर्ने कुराहरू त्यहाँ छ । अब यो अपाङ्गता भएका व्यक्तिमाथि हुने लैङ्गिक तथा अन्य हिंसा र दुर्व्यवहारका घटनाहरू हुन नदिन र भएको खण्डमा त्यसलाई न्यायिक प्रक्रियालाई पहुँचयुक्त र प्रभावकारी बनाउने कुराहरू पनि कानुनी व्यवस्था गर्न आवश्यक छ । अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा विद्यमान विभेदकारी व्यवस्थालाई मिलाउनुपर्ने कुराहरू छ । समावेशीताको अवसर र सहुलियतका कारण चाहिँ अपाङ्गता परिचयपत्रको दुरुपयोग हुने क्रम बढिरहेको छ । यसतर्फ पनि मन्त्रालय सचेत हुनपर्ने छ । ढाटी, छली परिचयपत्र लिने, दिने र सोको दुरुपयोग गर्ने कार्यलाई पनि अपराधीकरण गरी गरी थप दण्ड सजायको व्यवस्था गर्नुपर्ने कुराहरू छ र यो छापाको अक्षरहरू पढ्न नसक्ने अपाङ्गता भएका व्यक्तिका लागि लक्षित म्याराकस भन्ने सन्धि छ यो सन्धि नेपाले तुरुन्तै अनुमोदन गर्नुपर्ने छ ।

यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ अब यो स्थानीय तहमै सार्वजनिक तथा संस्थागत विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाको लागि छात्रवृत्तिसहितको निःशुल्क शिक्षाको सुनिश्चितता गर्नुपर्ने कुरा छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरणहरूलाई पनि पहुँचयुक्त वातावरण बनाउनुपर्ने स्थिति छ । सिकाइ विधि, शिक्षण सामग्री, मूल्याङ्कन तथा परीक्षा प्रणालीहरूलाई पनि अपाङ्गताको प्रकृति र व्यक्तिको आवश्यकताअनुसार चाहिँ पहुँचयुक्त बनाउनुपर्ने कुराहरू छ । अपाङ्गता भएका बालबालिकालाई सिक्नका लागि चाहिने साङ्केतिक भाषा पहुँचयुक्त प्रविधिहरू अनि आधुनिक सूचना प्रविधिहरू, ब्रेलका कुराहरू सबै भिजुअलका कुराहरू छ अरू सरल भाषा र चित्रात्मक विधिहरूलगायत थुप्रै कुराहरूमा वैकल्पिक प्रविधिको प्रयोगलाई पनि प्रबर्द्धन गर्नुपर्ने स्थितिहरू चाहिँ छ । कक्षा र सिकाइ विधिलाई सबैका लागि समावेशी गुणस्तरीय बनाउनका लागि चाहिँ युनिभर्सल डिजाइन फर लर्निङको सिद्धान्तलाई अवलम्बन गराउन र सबैतिर युनिभर्सल डिजाइन फर लर्निङका आधारमा सिकाइ पेडागोजीहरू बनाउनुपर्ने, प्रवर्धन गर्नुपर्ने स्थितिहरू चाहिँ आवश्यकता छ ।

त्यस्तै गरेर महिलाहरूको लागि चाहिँ प्रभावकारी सिकाइको लागि तिनीहरूको पाठ्य पुस्तक र पाठ्य सामग्रीहरू ब्रेल र साङ्केतिक भाषाहरूमा बनाउनुपर्ने जरूरी छ । विद्यालय बाहिर रहेका

अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्नुपर्छ । उनीहरूलाई विद्यालयमै, विद्यालयको प्रणाली भित्र ल्याउनको लागि चाहिँ आवश्यक स्थानीय तहमाथि आवश्यक अभियानहरू पनि चलाउनुपर्ने स्थितिहरू छ । द्वन्द्वपीडित र अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्तिको कुराहरू र निःशुल्क शिक्षाको कुराहरू, व्यवस्था हुन सकिरहेको छैन । विद्यालयमा अपाङ्गतामैत्री खेलकुद र मनोरञ्जनका सामग्रीहरू प्रभावकारी बनाउन सकिएको छैन । बैद्धिक अपाङ्गता, अटिजम, डाउनसिन्ड्रोम, श्रवण दृष्टिविहिन, गम्भीर cerebral palsy भएका सिक्नका लागि चाहिँ सहायक शिक्षकको आवश्यकता पर्ने, गम्भीर अपाङ्गता भएका बालबालिकाको लागि समावेशी कक्षामा, सिकाइमा सहजीकरण गर्नका लागि चाहिँ सहायक तथा सहयोगी शिक्षिकाहरूको पनि व्यवस्था गर्नुपर्ने छ । जीवनपर्यन्त सिकाइको लागि चाहिँ अवसर सृजना गर्नुपर्ने छ । अपाङ्गता भएका व्यक्तिहरूलाई चाहिँ यसमा सुनिश्चित गर्नुपर्ने छ । निःशुल्क शिक्षा दिने संवैधानिक र कानुनी व्यवस्थालाई संस्थागत विद्यालय र उच्चशिक्षामा समेत लागु गर्नुपर्ने कुरा छ । अपाङ्गता भएका शिक्षक तथा विद्यालयका कर्मचारीहरूको नियुक्ति, पदस्थापन, सेवा सुविधा र समग्र वृत्ति विकासमा अपाङ्गता अनुकूल हुने व्यवस्थाहरू मिलाउनुपर्ने छ । शिक्षक सेवामा अपाङ्गता भएका व्यक्तिको समावेशीतालाई प्रवर्धन गर्नुपर्ने विषयहरू पनि छ ।

यसै गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत चाहिँ अपाङ्गता भएका व्यक्ति लक्षित व्यावसायिक र सीप विकास तालिमहरू सञ्चालन गर्न र निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिको रोजगारी प्रवर्धनका लागि चाहिँ उद्योग तथा व्यवसायीहरूलाई प्रोत्साहन गर्नुपर्ने कार्यक्रम देखिएको छैन । अपाङ्गताको प्रकृति अनुरूप उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसर प्रदान गर्ने कुरा, पहुँच विस्तार गर्ने कुरा र स्वरोजगारका अवसरहरू सिर्जना गर्नेतर्फ पनि उद्यमशीलताको विकास गर्नेतर्फ विशेष आर्थिक सहयोगको व्यवस्था गर्नुपर्ने देखिन्छ । उनीहरूको क्षमता र रुचीअनुसारको आयआर्जन व्यवसाय सञ्चालन गर्न आर्थिक सहयोगहरू, अनुदान र बिना धितो र सहुलियत ब्याजदरमा ऋणसमेत उपलब्ध गराउने व्यवस्थाहरू गर्न जरूरी छ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरू दुर्घटनामा अपाङ्ग भएका व्यक्तिहरू, आश्रित परिवारको सुरक्षा र जीवन निर्वाहको लागि वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत पनि आवश्यक तिनीहरूलाई अपाङ्गता भएकाहरूलाई विशेष व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

अर्थ मन्त्रालयअन्तर्गत चाहिँ अब अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्था कार्यान्वयनका लागि चाहिँ बजेटहरू पर्याप्त मात्रामा छुट्याउन

मन्त्रालयले पर्‍यो । अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सामग्रीहरू तथा उपकरणहरू र यस्ता उपकरणहरू नेपालमै उत्पादन हुन्छ भने त्यसका लागि चाहिँ भन्सार छुट ल्याइने, कच्चा पदार्थ ल्याउने कुरा, भन्सार छुट गर्ने कुरा, करको छुट गर्ने व्यवस्था मिलाउन आवश्यक छ । यसै गरी सार्वजनिक यातायातका सहुलियत बढाउँदै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने अपाङ्गतामैत्री सवारी साधन, उपकरणहरूमा चाहिँ भन्सार र कर छुटको व्यवस्था गर्नुपर्छ । सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम छँदैछ । युवा रोजगार कार्यक्रम तथा गरिवी निवारण कार्यक्रमभित्र यी सबै भित्र चाहिँ अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउन र लाभग्राहीको तथ्याङ्कमा अपाङ्गता भएका व्यक्ति परे कि परेन भनेर हेर्ने गरी चाहिँ इन्डिकेटर राख्ने गरी यसमा चाहिँ यसलाई व्यवस्था गर्न जरूरी छ । अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेका उद्योग, कलकारखाना, व्यवसायका लागि चाहिने कच्चा पदार्थकोमा पनि भन्सारलगायत आयतमा चाहिँ सजिलो बनाउनुपर्ने स्थितिहरू छ ।

सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत चाहिँ अब सार्वजनिक सूचना तथा सञ्चारका सामग्रीहरूलाई चाहिँ बहिरा, दृष्टिविहीन, सुस्त श्रवण, अटिजम, बौद्धिक अपाङ्गता, श्रवणदृष्टिविहीनलगायत सबैका लागि पहुँच हुने गरी चाहिँ ती चाहिँ अब सूचना प्रणालीहरूलाई चाहिँ त्यो अनुरूप बनाउनुपर्ने स्थितिहरू छ । पहुँचयुक्त सूचना प्रविधिको विकास सुरू गर्नुपर्ने छ ।

स्वास्थ्य मन्त्रालयभित्र धेरै समस्याहरू छ, अब कृतिम हात खुट्टादेखि लिएर कृतिम सहायक सामग्रीको स्थानीय स्तरमार्फत नै उपलब्ध गराउने कुरामा मन्त्रालयले जोड दिन आवश्यक छ । विभिन्न प्रकारका थेरापीहरू आवश्यक पर्नेहरूलाई जस्तै छारे रोग हुन सक्छ । त्यसै गरी मानसिक अपाङ्गता भएका व्यक्तिहरूलगायत बौद्धिक अपाङ्गता, अटिजम भएका व्यक्तिहरूलाई उनीहरूले प्रयोग गर्ने सामग्रीहरूलाई त्यो सेवा, मनोपरामर्श सेवाहरू, रेफरल सेवाहरूलाई चाहिँ स्थानीय तहबाट नै हुने गरी प्रबन्धहरू मिलाउन आवश्यक छ । हेमोफिलियालगायत नियमिति रूपमा औषधी खानुपर्ने व्यक्तिहरूको लागि चाहिँ निःशुल्क औषधी उपलब्ध गराउने साथै अब यो अरू औषधी आवश्यक पर्नेहरूलाई पनि त्यसको हामीले गर्नुपर्ने, अपाङ्गता भएकै कारण प्रयोग गर्नुपर्ने चिज, साधन, वस्तु र औषधीको लागि चाहिँ सर्वसुलभ बनाउने कुराहरूमा यो मन्त्रालयले हेर्नुपर्ने छ । अपाङ्गता भएका व्यक्तिहरूलाई चाहिँ सम्बन्धित स्थानीय तहमार्फत नै निःशुल्क बिमाहरू गराउनेदेखि लिएर सहायक सामग्री उपलब्ध गराउने कुरामा यो मन्त्रालयले, अरू थुप्रै कुराहरू छन् मैले खाली संक्षिप्तमा भने ।

भौतिक पूर्वाधार मन्त्रालयले सबै भौतिक संरचनाहरूलाई पहुँचयुक्त बनाउने, यातायात व्यवस्थालाई चाहिँ पहँचयुक्त बनाउनेदेखि लिएर थुप्रै कुराहरू चाहिँ भौतिक मन्त्रालय र सहरी विकास मन्त्रालयले यी विषयमा हेर्दछ ।

उद्योग, वाणिज्य मन्त्रालयलाई पनि थुप्रै कुराहरू छन् । मैले संक्षिप्तमा त्यही लिखत भ'को हुनाले मैले सबै पढ्न चाहिँन ।

युवा तथा खेलकुद मन्त्रालयले पनि अपाङ्ग भएका व्यक्तिहरूलाई नै हुने गरी युवाहरूलाई पनि समेट्ने गरी खेलकुदमा पनि उनीहरूलाई समेट्ने गरी त्योतर्फ जान आवश्यक छ । (मैले अलिकति समय एक/दुई मिनेट मात्र थप चाहन्छु ।)

अब हाम्रो चाहिँ के छ भने अब यो महिला तथा बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय हाम्रो फोकल मन्त्रालय पनि हो । यसले अलिकतिसम्म समन्वयकारी भूमिका खेल आवश्यक छ । अपाङ्गता पहिचान तथा परिचयपत्र वितरणका मापदण्डहरू, सूचकहरूलाई चाहिँ मापनयोग्य र सरल विश्वासिलो बनाउन आवश्यक छ । यसका लागि आवश्यक निर्देशिका, नियमावलीहरू पनि संशोधन गर्नुपर्ने हुन सक्छ । परिभाषालाई वर्गीकरण र वैज्ञानिक बनाउनुपर्ने स्थिति छ । सबै स्थानीय तहबाट परिचयपत्र वितरण भ'छ । यसलाई चाहिँ digital ढाँचामा लानुपर्ने आवश्यकताहरू छ । अपाङ्गता भएका व्यक्तिको तथ्याङ्कलाई यसले हेर्नुपर्‍यो । सहयोग सामग्रीहरूलाई पनि आवश्यक समन्वयहरू गर्नुपर्‍यो । अब यसै गरी चाहिँ यो ऐनहरूलाई समयसामयिक संशोधन गर्नुपर्‍यो, नियमावलीहरूलाई पनि समयसामयिक बनाउन आवश्यक छ ।

र यो नेपाल सरकारलाई चाहिँ UN ले चाहिँ संयुक्त राष्ट्रसङ्घले दिएका निर्देशनहरू हुन्छ, कहिले काहीं त्यो UNCRPD मा त्यसलाई पनि सिफारिसको कार्यान्वयन गर्न पर्ने आवश्यकताहरू छ। र पूर्ण र अतिअशक्त अपाङ्ग भएका व्यक्तिहरूलाई सहयोगी सेवाहरू, हेरचाह गर्ने व्यवस्थाहरू मिलाउनुपर्ने आवश्यकताहरू छ । र यसै गरी अब यो यिनीहरूलाई चाहिँ यो प्रदेश र स्थानीयस्तरमा पनि समन्वय गर्नुपर्ने कुराहरू छ ।

र यो सङ्कल्प प्रस्ताव पारित भएपछाडि तुरून्तै यो मन्त्रालयले चाहिँ यो फोकल मन्त्रालय भ'को हुनाले यो सबै मन्त्रालयसँग समन्वय गर्ने, सबै सित सरोकारवालासित पनि परामर्श गरेर एकीकृत कार्ययोजना बनाउने गरी चाहिँ अगाडि बढ्नुपर्ने स्थिति यो मन्त्रालयको छ । र, हरेक वर्ष

अपाङ्गको क्षेत्रमा के के भयो भन्ने कुराहरूको चाहिँ मध्यावधि मूल्याङ्कन गर्ने र हरेक वर्ष प्रतिवेदन बनाएर जानुपर्ने स्थिति छ ।

अन्तिममा, सम्माननीय अध्यक्ष महोदय, अपाङ्गता भएका व्यक्तिको अधिकार मानव अधिकारको एक महत्त्वपूर्ण भाग हो । यसलाई नेपालको संविधान, मौलिक हक तथा विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय कानुन ढाँचाहरूमा यसले समेटेको छ । समाजमा अपाङ्गता भएका व्यक्तिको पूर्ण र समान, पूर्ण र समान सहभागिता सुनिश्चित गर्न र अपाङ्गता अधिकारको पूर्ण र प्रभावकारी कार्यान्वयन, प्रवर्धन र संरक्षण गर्न आवश्यक छ । नेपाल राज्यका सबै तहका सरकार तथा निकायहरूले अपाङ्गताको सवाललाई प्राथमिकता दिनुपर्दछ । अनि नेपालको संविधानले आत्मसात् गरेको समता, समृद्धि र सामाजिक न्यायको अनुभूति त्यसपछि मात्र हुने छ । यो सङ्कल्प प्रस्तावको सर्मथनसहित पारित गरिदिनुहुनलाई र सरकारले पनि यसमा सँगसँगै उभिएर समर्थन गर्नेछ । यो छरालिएको विषयलाई हामीले एकत्रित गराएर ल्याएका छौं । सरकारले केही गर्नुपर्छ भन्ने थाहा छ तर के गर्ने भन्ने थाहा छैन । सरकारले के गर्ने भन्ने कुराको एउटा दस्तावेज reference document पनि हो यो यसलाई चाहिँ सबैको साथ, सहयोग समर्थनको अपेक्षा गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

(१२:०६ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, अब म सङ्कल्प प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु । प्रत्येक समर्थक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु । आफ्नो स्थानबाट उठेर त्यहींबाट नै आफ्ना भनाइहरू राख्न पनि म अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य शारदा देवी भट्ट ।

(१२:०७ बजे) <u>**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, अपाङ्ग भएका व्यक्तिको लागि माननीय सदस्य प्रकाश पन्थले अपाङ्गता भएको व्यक्तिको हक कार्यान्वयनसम्बन्धी, हक अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव समर्थन गर्दै केही कुरा राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अपाङ्ग भएका व्यक्तिको समुदायलाई जीवन प्रवाजनको लागि नीतिगत व्यवस्था गर्न कार्यान्वयन सञ्चालन गर्ने, अपाङ्ग भएका व्यक्ति छुट्टै बजेट छुट्याउने, राज्यले दिने हक अधिकारबाट बञ्चित नगराउने, सुख सुविधामा कटौती नगर्ने, सरकारले दह्रो तरिकाले

सहयोग गर्ने । अपाङ्ग भएका व्यक्ति सबै अधिकार प्राप्त गरेका छैनन् र सरकारसँग माग गर्दछु अपाङ्ग व्यक्तिलाई सम्मानजनक तरिकाले हेरियोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सिंग वहादुर विश्वकर्मा ।

(१२:०८ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म यो सङ्कल्प प्रस्तावको समर्थन गर्दै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८ (१) (ग) बमोजिम मिति २०८०/०५/३१ गते अपाङ्गता भएका व्यक्तिहरूको सम्मानजनक मर्यादित र स्वतन्त्र जीवन यापनका लागि संविधानप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय सन्धि र सम्बन्धित कानुनहरूको सफल र प्रभावकारी कार्यान्वयन गर्न नेपाल राज्यका सबै तहका सरकार र निकायको उच्च प्राथमिकता रहेको छ भन्ने विषयमा सहितको सङ्कल्प प्रस्ताव प्रस्तुत भएको छ । म यसको सङ्कल्प प्रस्ताव समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हामी एकैछिन परिकल्पना गरौं कि हाम्रो शारीरिक कुनै एक अङ्ग केही समय बिमार हुँदा हामीलाई कति पीडा हुन्छ, जुन भोग्नेलाई मात्र महसुस हुन्छ । तर अपाङ्गता भएका मानिसहरू वर्षौंदेखि आफ्नो जीवन कति पीडादायी र कष्टकरपूर्ण बिताइरहेका छन् । स्वास्थ्य मानिस आफू कुनै न कुनै काम गरेर बाँचिरहेको हुन्छ । तर अपाङ्गता भएका मानिसहरू अरूको सहारामा बाँच्नुपरिरहेको छ । तर राज्यले उनीहरूको लालन पोषण, पालन र पोषणको कुनै guarantee गर्न सकिरहेको छैन । संविधानले अपाङ्गताको आधारमा गरिने सबै खाले भेदभाव निषेध गरेको छ । सामाजिक न्याय, राजनीतिक अधिकार, सामाजिक सुरक्षा, शिक्षालगायत मौलिक हक कार्यान्वयनका लागि विशेष ऐन पहुँचयुक्त भौतिक संरचना तथा सञ्चारसम्बन्धी निर्देशक सिद्धान्त संघीय संरचनाअनुरूप बनेका कतिपय विषयगत कानुनहरू स्थानीय सरकार सञ्चालन ऐन अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, सामाजिक सुरक्षा ऐन, राष्ट्रिय शिक्षा नीति, स्वास्थ्यसम्बन्धी १० वर्षे रणनीतिजस्ता विषयहरू अपाङ्गता भएका व्यक्तिका अधिकार संरक्षण गर्नेतर्फ लक्षित छन् । तर संविधानमा कुनै guarantee गरिएको कतिपय अपाङ्गता सम्बन्धित हक अधिकारको कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, नीति, नियमहरू तोकिएको समयमा बनाउन नसक्दा अपाङ्गता भएको नागरिकहरूलाई अधिकार सम्पन्न बनाउने विषयमा राज्य दिन प्रतिदिन चुक्दै गइरहेको छ । जसले

गर्दा अपाङ्गता भएका नागरिकहरू राज्यप्रति निराश छन् । सोहीअनुरूप यस सम्बन्धित सदनमार्फत अपाङ्गता भएका नागरिकहरूको हक अधिकार कार्यान्वयनमा उनीहरूको हक अधिकार सुनिश्चित .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा ।

**(१२:११ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्षज्यू, भर्खरै माननीय प्रकाश पन्थज्यूले प्रस्तुत गर्नुभएको अपाङ्गता भएको व्यक्तिको सम्मानजनक, मर्यादित र स्वतन्त्र जीवनयापनका लागि संविधानप्रदत्त मौलिक हक तथा अधिकारहरू कार्यान्वयनको निम्ति यो जुन सङ्कल्प प्रस्ताव यहाँ प्रस्तुत गर्नुभएको छ, यसलाई समर्थन गर्न चाहन्छु ।

यसका साथै अहिलेसम्म हाम्रो समस्या के छ भन्दाखेरि प्रत्येक तह र तप्का जनताहरू, समुदायहरू र पिछडिएको वर्ग समुदाय, महिला, जनजाति, दलित, सबै पक्षको उनीहरूको हितमा बनेका हक अधिकार र कानुनहरू व्यवहारमा चैं लागु हुन सकेका छैनन् । यो पक्ष कमजोर रहेको छ । त्यस्तै अपाङ्गताको विषयमा पनि यही कुरा सत्य हो । त्यसैले उनीहरूको हक हितको निम्ति बनेका हक अधिकार र कानुनहरूलाई कार्यान्वयनको दिशामा सरकारले तदारुकता दिनको लागि र बदलिँदो परिस्थितिअनुसार अपाङ्गता भएका व्यक्तिहरूको हक हितको निम्ति बन्नुपर्ने थप कानुन र थप व्यवस्थाहरूको बारेमा सरकारले चासो राख्नको लागि यो सङ्कल्प प्रस्ताव यहाँ आएको छ । त्यसैले यसतिर, यो पक्षतिर सरकारको ध्यान जाने छ भन्ने मैले आशा र विश्वास राख्दै आफ्नो भनाइ यहीं टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य भगवती न्यौपाने ।

**(१२:१३ बजे) <u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, अपाङ्गता भएका व्यक्तिका अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव माननीय प्रकाश पन्थले पेस गर्नुभएको छ । र उहाँले अपाङ्गता भएका व्यक्तिहरूका देशभरिका समस्याहरूको राम्रो पहिचान गरेर, उहाँ त्यो संस्थामा पनि अपाङ्गता भएका एउटा व्यक्तिहरूको संस्थामा लामो समयसम्म काम गर्नुभो', त्यो क्षेत्रमा लामो समयसम्म काम गर्नुभो' र अपाङ्गता भएका व्यक्तिहरूको समस्याको

पहिचान पनि गर्नुभएको छ । र आफ्ना भोगाइहरू र अपाङ्गता भएका व्यक्तिहरूको पीडाका आधारमा उहाँले यो सङ्कल्प प्रस्ताव यहाँ पेस गर्नुभएको छ । यो सङ्कल्प प्रस्तावको म समर्थन गर्न चाहन्छु ।

कतिपय कार्यक्रमहरूमा हामी सँगै पनि भयौं, अपाङ्गता भएका, खास गरी autism भएका बालबालिकाहरूको एउटा कार्यक्रममा हामी सँगै पनि थियौं । उहाँका अभिभावकहरूका कुराहरू पनि हामीले सुन्यौं, उहाँका पीडा पनि हामीले सुन्यौं र उहाँहरूले व्यक्त गर्नुभएका पीडा, जो बौद्धिक अपाङ्गता भएका बालबालिकाहरू, व्यक्तिहरूको अभिभावकहरू, जो उमेर समूहको हिसाबले पनि सक्रिय उमेर समूहको हुनुहुन्छ । र उहाँहरू एउटा पढे लखेको मान्छेहरू पनि हुनुहुन्छ, केही व्यवसाय गर्न सक्ने खालका मान्छेहरू पनि हुनुहुन्छ तर सम्पूर्ण रूपले समय आफ्नो बालबालिकालाई, आफ्नो सन्तानलाई दिन परेको कारणले गर्दा एकछिन पनि छोड्न नसक्ने खालको, त्यस्तो खालको बालबालिका भएको कारणले गर्दाखेरि आफूले अरू गतिविधि गर्न सकिरहेको छैन भन्ने जस्ता उहाँ अभिभावकहरूका पीडाहरू, गुनासोहरू पनि हामी सुनेका थियौं । त्यस्तोको हकमा काहीं कतै एउटा care center को स्थापना गरेर ती अभिभावकहरूलाई आफ्नो गतिविधि गर्न, आफ्ना गतिविधिहरू व्यवसायमा जोडिनका निम्ति पनि वातावरण बनाउन आवश्यक छ । उहाँले यहाँहरू सबै विस्तार रूपमा उल्लेख गर्नुभएको छ, यहाँ कानुन बनेको छ, संविधान बनेको छ, अपाङ्गतासम्बन्धी ऐन, २०७४ छ, त्यस्तै गरेर नियमावली, २०७७ छ । त्यस्तै पहुँचयुक्त भौतिक संरचना तथा सञ्चारसम्बन्धी निर्देशिका, २०७७ छ । त्यस्तै नेपालले संयुक्त राष्ट्र संघीय महासन्धिमा हस्ताक्षर गरेको छ, प्रतिबद्धता पनि जनाएको छ । तर कार्यान्वयन प्रभावकारी किन हुन सकिरहेको छैन? किन अपाङ्गता भएका व्यक्तिहरूको हकमा राज्य संवेदनशील हुन सकिरहेको छैन? त्यो विषयमा हामी सरकारसँग प्रश्न गर्न चाहिरहेका छौं । अपाङ्गता भएका व्यक्तिहरूका पनि प्रकृति फरक फरक छन् । कतिले राज्यलाई contribution गर्न पनि सक्नुहुन्छ । उहाँहरूका निम्ति सिपमूलक तालिमहरूको आवश्यकता छ, व्यावसायिक तालिमहरूको आवश्यकता छ । ती व्यक्तिहरूलाई चैं सिप दिएर, व्यावसायिक तालिमहरू दिएर, उहाँहरूलाई आयआर्जन गर्न .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य खिमलाल देवकोटा ।

(१२:१७ बजे) **<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अपाङ्गता भएका व्यक्तिको संविधान प्रदत्त मौलिक हक र अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धि सम्झौता र कानुनमा भएका प्रावधानहरूको कार्यान्वयनलगायतका लागि माननीय प्रकाश पन्थद्वारा प्रस्तुत सङ्कल्प प्रस्तावमा मेरो पूर्ण समर्थन छ ।

पछाडि परेको, पारेको वर्ग र समुदायको हक अधिकार सुनिश्चित गर्नेसम्बन्धी व्यवस्था हामीले संघीयता कार्यान्वयन अनुगमन संसदीय विशेष समितिको प्रतिवेदनमा पनि समावेश गरेका छौं । यसको कार्यान्वयन मात्र गर्ने हो भने पनि अपाङ्गतालगायत पछाडि परेका, पारिएको वर्ग, समुदाय र क्षेत्रहरूको मूलप्रवाहीकरणसहित संघीयताको सबलीकरणमा सहयोग पुग्छ । संघीयताको सबलीकरण भएमा मात्र अपाङ्गतालगायत समाजका सबै वर्ग र समुदायहरूको अधिकार सुनिश्चित गर्न सकिन्छ । त्यसैले अहिलेको मूल सवाल भनेको संघीयता कार्यान्वयनमा देखिएको समस्याहरूको समाधान हो । नागरिकहरूको गुनासाहरूको सम्बोधन हो ।

अध्यक्ष महोदय, राज्य सञ्चालनप्रति अहिले समाजका अधिकांश व्यक्तिहरूमा एउटा निराशा र आक्रोश छ । पूर्वराजालगायत निराशाको खेती गर्नेहरूको पछाडि नागरिकहरूको भिडले यसलाई पुष्टि पनि गर्छ । त्यसैले हामीले यो शासन व्यवस्थामा देखिएका कमीकमजोरीहरू सुधार गरौं । कमाई खाने भाँडोको रूपमा चित्रित राजनीतिमा शुद्धीकरणको अभियान सञ्चालन गरौं । यसका लागि पहिलो र अनिवार्य सर्त नमरुन्जेल प्रधानमन्त्री, मन्त्री र सांसद बन्न पाउने विद्यमान संवैधानिक र कानुनी व्यवस्थामा सुधार हो । प्रधानमन्त्री, मन्त्रीलगायतका नेताहरू विदेश घुमेका घुम्यै छन् । नेपाललाई सिङ्गापुर, स्वीट्जरल्यान्ड बनाउँछु भनेर नेताले भाषण गर्ने कुरो त दशकौं भइसक्यो । तर ती देशहरूले कसरी छलाङ् मारे भनेर नेताले सोचेनन् । जस्तैः स्वीट्जरल्यान्डकै तुलनामा नेपालको भूगोल र जनसङ्ख्या करिब साढे ४ गुणा ठुलो छ । तर स्वीट्जरल्यान्डको प्रतिव्यक्ति आम्दानी नेपालको भन्दा ७० गुणाले बढी छ । कुल गार्हस्थ उत्पादन स्वीट्जरल्यान्डको ८ सय ७ अमेरिकी डलर छ । जबकि नेपालको जम्मा ४० अरब डलर मात्र छ । प्रतिव्यक्ति आम्दानीको कुरै छाडिदिऊँ, नेपालभन्दा धेरै सानो देशको कुल गार्हस्थ उत्पादन नेपालभन्दा कैयौं गुणाले धेरै हुनु नेपालको लागि लज्जाको विषय हो । भर्खरै स्वीट्जरल्यान्डले संघीयता कार्यान्वयनको १७५ औं वार्षिक उत्सव मनायो । १७५ वर्षदेखिको संघीयतामा कुनै समस्या छैन । स्वीट्जरल्यान्डको संविधानमा राष्ट्रपतिसहित प्रधानमन्त्रीको सङ्ख्या जम्मा ७ जना हुने मात्रै व्यवस्था छ । हामीकहाँ २५ जना किन चाहियो सम्माननीय अध्यक्षज्यू महोदय? १०/१२ जना मात्रै भए पुग्दैन? राष्ट्रपतिको

कार्यकाल १ वर्ष मात्रै हुने, दोहोऱ्याउन नपाउने । त्यहाँ ७ जनाबाट राष्ट्रपति हुने, त्यहीँ १ वर्ष पछि राष्ट्रपति त्यही मन्त्री भएर बस्ने, बस्ने अनि मन्त्रीहरूको निर्वाचन पनि संसदले गर्ने सांसद, मन्त्री वा राष्ट्रपति बन्न नपाउने, सरकारले विधेयक र योजना तथा कार्यक्रम ल्याउँदा अनिवार्य रूपमा प्रदेश र सरोकारवालाहरूसँग पनि छलफल गर्नुपर्ने अनिवार्य व्यवस्था संविधानमा छ । सांसदले तलब नपाउने, सांसदको पद भनेको part time जस्तो हुने । आफ्नो मूल पेसामा नै आबद्ध हुने । हामी कहाँ राजनीति गर्नेहरूको अधिकांशको कुनै पेसा छैन । तर पनि उनीहरूको रहनसहन भनेको कुनै पुँजीपतिको भन्दा कम छैन सम्माननीय अध्यक्ष महोदय । सांसदले तलब..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य अनिता देवकोटा । माननीय सदस्य अनिता देवकोटा । माननीय सदस्य अनिता देवकोटा । माननीय सदस्य गंगा कुमारी वेलबासे ।

**(१२:२० बजे) <u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्य प्रकाश पन्थले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । नेपालको संविधानले अपाङ्गता भएको, भएकाको आधारमा गरिने सबै खालका विभेदहरूको निषेध गरेको छ । सामाजिक न्याय सामाजिक सुरक्षा, राजनीतिक अधिकार, शिक्षा, स्वास्थ्यलगायत मौलिक अधिकारको उपयोगमा सबैलाई संविधानले समान ठानेको छ । तर अपाङ्ग भएका व्यक्तिहरूले भोग्नुपर्ने थुप्रै समस्याहरू छन् । र त्यसका सम्बन्धमा नेपालमा ऐन, कानुनहरू छन् । अन्तर्राष्ट्रिय सन्धि- सम्झौताहरूमा पनि हामीले हस्ताक्षर गरेका छौँ । त्यसको आधारमा हामीले काम गऱ्यौं भने अपाङ्ग भएका व्यक्तिहरूलाई हामीले दिन पर्ने सुविधा विशेष सहुलियत र प्राथमिकताहरूलाई हामीले ध्यान दिन सक्छौं । यही कानुनलाई कार्यान्वयन गर्नका लागि आआफ्नो मन्त्रालय, आआफ्नो क्षेत्र र आआफ्नो काम गर्ने ठाउँमा अपाङ्गमैत्री भएर काम गर्नका लागि यो प्रस्ताव एउटा सचेतता, सचेत बनाउनका लागि प्रस्तुत गरिएको हो । र यो प्रस्ताव तयार गरिरहँदाखेरि राष्ट्रिय सभाका सबै माननीयज्यूहरूको यसमा सहयोग, समर्थन रहेको छ । र यसमा हस्ताक्षर गर्ने हिसाबमा केही माननीय, माननीयज्यूहरू छुट्नुभएको छ । त्यसैले यो सर्वसम्मत ढङ्गले राष्ट्रिय सभाले प्रस्तुत गरेको प्रस्ताव पनि हो भन्न म चाहन्छु । र सबै यसमा सबै..... सहयोग र

समर्थन गर्दै अपाङ्गमैत्री व्यवहार र कामहरू गर्ने छ भन्ने कुराहरूको विश्वास राख्दै मेरो भनाइ अन्त्य गर्छु । हस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रमेशजंग रायमाझी ।

(१२:२२ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामीहरू माननीय प्रकाश पन्थज्यूले प्रस्तुत गर्नुभएको अपाङ्गतासम्बन्धी प्रस्तुत गर्नुभएको प्रस्तावको समर्थनमा उभिएका छौं । वास्तवमा हामीले कानुन निर्माण गर्छौं । र कानुनलाई कार्यान्वयन गर्दैनौं र जति जुन कानुन बनाइन्छ । सरकारको तर्फबाट बनाएका कानुनहरू र महासन्धिमा जुन सम्झौता गरिन्छ, हस्ताक्षर गरिन्छ, ती कानुनहरूलाई चाहिँ हामीले कार्यान्वयन गऱ्यौं भने हामीले यो सङ्कल्प प्रस्ताव पनि यहाँ प्रस्तुत गर्नुपर्दैन थियो माननीय प्रकाश पन्थज्यूले । त्यसैले सरकारसँग मेरो आग्रह हो । सरकारमा कुन पार्टी कतिखेर आउँछ? कुन पार्टीले सरकारको नेतृत्व गर्छ? कुन पार्टीको प्रतिनिधिहरू सरकारमा मन्त्रीहरू हुन्छ? र मन्त्री प्रतिपक्षमा भएको बेला चाहिँ समस्याको कुराहरू उठाउने तर सत्तामा पुगिसकेपछि समस्यालाई ignore गर्ने । समस्याहरूसँग कुनै चासो नदिनेसमस्याको कुनै जानकारी नराख्ने भएको कारणले हाम्रो देशको समस्याहरू जहिले पनि जटिल अवस्थामा पुगेको कारणले म सरकारमा भएका साथीहरूलाई, सरकारमा भएका मन्त्रीहरूलाई सरकार पक्षधरहरूलाई र सरकारको आग्रह गर्न चाहन्छु । तपाईंहरूले एकपल्ट यो कानुनलाई एकपल्ट पल्टाएर हेर्नुस् । यसलाई कति कार्यान्वयन गर्नुभा' छ । यदि यो कार्यान्वयन भयो भने कार्यान्वयन गर्न सक्यौं भने हामीले गरेका सन्धि-सम्झौताहरूलाई कार्यान्वयन गऱ्यौं भने यो अरू कुराहरू उठाइराख्नुपर्दैन । त्यसकारण अपाङ्गताप्रति गरिने व्यवहारहरू, अपाङ्गता भएका व्यक्तिसँग गरेको दुराचार, दुर्व्यवहारहरू ती व्यवहारका कारणले पनि आज यो सङ्कल्प प्रस्ताव हामीले पेस गर्नुपरेको छ । अघि माननीय सदस्यले उठाइसक्नुभा' छ । र हामी राष्ट्रिय सभाका सबै राजनीतिक दलका तर्फबाट, सबै उपस्थित भएका माननीयहरूको तर्फबाट यो सङ्कल्प प्रस्तावमा हामीले समर्थन जनाएका छौं । त्यसकारण यो सङ्कल्प प्रस्ताव अगाडि बढोस् र यसलाई सरकारको समर्थन रहोस् भन्ने साथै यो प्रस्तावको समर्थन गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य बामदेव गौतम ।

(१२:२४ बजे) **माननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै माननीय प्रकाश पन्थले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावलाई मैले समर्थन मात्रै होइन, दृढ समर्थन गर्छु । नेपाल सरकारले कानुनमा संशोधन गरेर, नियमावलीमा संशोधन गरेर के गरेर हुन्छ, त्यहाँ उठाइएका जति पनि विषयहरू छन्, सबै समावेश गरोस् । त्यसलाई कार्यान्वयन गरोस् । यसमा शब्दहरू पनि सत्य छन् । अक्षर पनि सत्य छन् । सबै विषयवस्तु सत्य छन्, । र नेपाल सरकारले आजसम्म कार्यान्वयन नगरेका जति पनि विषयवस्तुहरू छन् तिनलाई तुरुन्त कार्यान्वयन गरोस् र यसलाई साँच्चै उदाहरण नेपाल राष्ट्र यस्तो छ भनेर भन्ने उदाहरण दिने गरी सबै सबै नियम, कानुन, संविधान पनि संशोधन गरेर गर्नुपर्छ भने त्यो पनि गर्नको निम्ति नेपाल सरकार तयार हुनुपर्छ । मेरो दृढ समर्थन र यो निश्चित रूपमा सरकारले लागु गर्ने छ भन्ने विश्वास पनि व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विमला घिमिरे ।

(१२:२५ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, भर्खरै माननीय सदस्य प्रकाश पन्थले प्रस्तुत गर्नुभएको अपाङ्गतासम्बन्धी यो सङ्कल्प प्रस्तावको पूर्ण समर्थन गर्न चाहन्छु । अपाङ्गता भएका व्यक्तिहरूको सम्मानजनक र मर्यादित स्वतन्त्र जीवनयापनका लागि संविधानप्रदत्त अधिकार र नेपाल पक्ष राष्ट्र रहेको अपाङ्गता अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि र सम्बन्धित कानुनहरूको प्रभावकारी कानुन कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकारको हो । र त्यसलाई त्यसको हरेक निकायले उच्च प्राथमिकताका साथ लागु गर्नुपर्छ । तर त्यो भइराखेको छैन । कतिपय संविधानमा भएका अधिकारहरू हामीले साँच्चै गरी व्यवहारमा लागु गरेको भए सायद धेरै कुराहरू आइसक्थ्यो होला । थोरै मात्रै यहाँ प्रस्तुत हुन्थे तर आज जति पनि व्यवहारमा लागु गर्न सकिएको छैन । कतिपय कानुनको अभाव छ भने कतिपय हामीले साँच्चै एउटा व्यक्तिमा भर पर्ने कुरा, व्यक्तिको आचरण, नैतिकता, भावना र उसित जोडिएका कुरामा भर पर्ने भएको हुनाले पनि हामीले यो सङ्कल्प प्रस्ताव प्रस्तुत गर्न परेको छ र यो राष्ट्रिय सभाले यो सङ्कल्प प्रस्तावलाई अगाडि बढाइरहँदा पक्कै पनि

आगामी दिनमा नेपाल सरकारले त्यसका मातहतका सबै निकायहरूले यो सङ्कल्प प्रस्तावलाई सबै मन्त्रालयहरूमा जुन यहाँ पेस भएको छ । यति सबै कुराहरूलाई विशेष ध्यान दिँदै आफ्ना कुराहरूलाई कार्यान्वयन गराउँदै अगाडि बढ्ने छ । अपाङ्गता एउटा यस्तो चिज हो, यो कुनै व्यक्तिविशेषको, जातीविशेषको, कुनै भूगोलविशेषको, कुनै दलविशेषको हुँदैन र यो कुनै अहिले अपाङ्गता भएका व्यक्तिहरूको मात्रै पनि होइन । यो हामी सबैको को मान्छे कति बेला अपाङ्गता हुन पुग्छ भन्ने कुरा कोही पनि कसैलाई थाहा छैन । त्यसैले यो एउटा विशेष, उहाँहरूको यो अवस्थालाई हामीले अपाङ्गता भन्दा पनि उहाँहरूको छुट्टै खालको क्षमता हो । विशेष खालको क्षमता हो । त्यो क्षमतालाई हामीले कुन रूपमा प्रयोग गर्ने भन्ने कुरा एकातिर छ भने एकातिर उहाँहरूको अवस्था हेर्दा कतिपय यस्ता यहाँ अघिनै पनि कुरा उठ्यो । कतिपय यस्तो अवस्था छ । जसलाई घर परिवारले जतिसुकै बेला पनि हेरेर बस्नुपर्ने स्थिति छ । त्यसलाई राज्यले अत्यन्तै ध्यान दिएर त्यो खालको व्यवस्था गरेर परिवारका सदस्यहरूलाई काम गर्ने वातावारण बनाउन पनि जरूरी छ । त्यो कुराहरू यहाँ समेटिएको हुनाले म यो सङ्कल्प प्रस्ताव आगामी दिनमा पूर्ण चाहिँ लागुहुने छ भन्ने प्रतिवद्धता हाम्रोतर्फबाट पनि गरौं र सरकारले पनि यसमा प्रतिवद्धता गर्छ भन्ने विश्वासका साथ आफ्ना भनाइहरू अन्त्य गर्छु र धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य दिल कुमारी रावल थापा "पार्वती" ।

**(१२:२८ बजे) <u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त, माननीय प्रकाश पन्थद्वारा प्रस्तुत अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । सम्माननीय अध्यक्ष महोदय, सरकार जिम्मेवार हुने हो भने मलाई लाग्छ हामीले सङ्कल्प प्रस्ताव प्रस्तुत गर्न परिरहन्थ्यो, पर्ने अवस्था आउने थिएन किनभने हामीले संविधान मै सबैखाले अपाङ्गता विभेदको अन्त्यका कुरा गरेका छौं । मौलिक हक कार्यान्वयनको लागि अपाङ्गतासम्बन्धी ऐन पनि निर्माण गरेका छौं, नियमावली पनि निर्माण गरिसकेका छौं । हाम्रा अन्तर्राष्ट्रिय प्रतिवद्धता पनि जाहेर गरेका छौं । तर सवाल कार्यान्वयनको, यहाँ विषय उठिसकेको छ । अपाङ्गता कुनै जात, धर्म, लिङ्ग, समुदाय, वर्ण हुँदैन । एउटा जन्मजातै अपाङ्गता भर आउने कुरा हुन्छ भन्नेअर्को द्वन्द्वका कारणले, विभिन्न रोगका कारणले, घटना परिघटना कारणले हामी अपाङ्गता जान पर्ने हुन्छ ।

माननीय प्रकाश पन्थ जो एउटा भिन्न क्षमता अपाङ्गता भएर आफूले भोगेका पीडाहरू र त्योसँग आफूले लड्दै, खेल्दै थुप्रै अनुभवहरू प्राप्त गरेर यो सङ्कल्प प्रस्ताव प्रस्तुत गर्नुभा'को छ । यहाँ धेरै कुराहरू उहाँले चाहिँ ल्याउनुभा'को छ । मलाई के लाग्छ भने आज हामीले संसदमा छलफल गरिरहँदा, समितिमा छलफल गरिरहँदा, हामी अर्थमन्त्रालयको छलफल गरिरहन्छौ । सबैभन्दा धेरै बेरूजु आज अर्थमन्त्रालयकै हुन्छ । आज समितिद्वारा जारी गरेको निर्देशन कार्यान्वयनको छलफल गरिरहँदा सबैभन्दा धेरै निर्देशन कार्यान्वयन नगर्ने निकाय प्रधानमन्त्री कार्यालय हुन्छ । यसले चाहिँ म के किन अनुरोध गर्न चाहन्छु भने (हजुर, .....) कार्यन्वयन हामीले विभिन्न अध्ययन अनुसन्धान गरिरहँदा सरकारलाई संसदप्रति, सरकारलाई जनताप्रति, सरकारलाई नागरिकप्रति जवाफदेही र उत्तरदायी बनाउनलाई गरेका अध्ययन, अनुसन्धान सरकारलाई सहयोग गर्नका लागि जारी गरेका निर्देशन कार्यान्वयन नगर्ने सबैभन्दा बढी प्रधानमन्त्री कार्यालय, बेरूजु देखाउने अर्थ मन्त्रालय छ । स्वास्थ्यसम्बन्धी समस्याहरू चाहिँ  कार्यान्वयन गर्ने, हक कार्यान्वयन गर्ने स्वास्थ्य मन्त्रालय देखिराखेको छ । त्यो भा'को हुनाले मेरो विनम्रतापूर्वक आग्रह सरकार सञ्चालन गर्ने, राज्य सञ्चालन गर्ने जिम्मेवार निकायहरू, जिम्मेवार पदाधिकारीहरू चाहिँ संविधानप्रति, कानुनप्रति नागरिक अधिकारप्रति चाहिँ संवेदनशील बन्न र अन्तरमन्त्रालय निकायप्रति अन्तर निकायप्रति चाहिँ समन्वय गर्न पटकै समन्वयहरू छैन । हामी चाहिँ हिजो एकात्मक सरकार हुँदा एकात्मक राज्य प्रणाली हुँदा पनि मन्त्रालय बिचको समन्वयको अभाव थियो । अहिले तहगत सरकार छ, तहगत सरकारको बिचमा पनि समन्वय छैन । अन्तरमन्त्रालय, संघीय सरकारको अन्तरमन्त्रालय बिच पनि समन्वय छैन । यो पछाडि पारेका चाहे दलित हकको सवाल हुन्, चाहे महिला हकको सवाल हुन्, चाहे अपाङ्गता नागरिकको हक कार्यान्वयन गर्नका लागि यी सबै निकायहरू जुन जोडिएको निकायको बिचमा चाहिँ समन्वय जरूरी छ, सरकार चाहिँ एकदमै जिम्मेवार हुन, संवेदनशील हुन नागरिकका हक कार्यान्वयन गर्नका लागि कानुन कार्यान्वयन गर्नका लागि अगाडि बढ्न म अनुरोध गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य विना पोखरेल ।

(१२ः३१ बजे) **<u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, माननीय प्रकाश पन्थज्यूले अपङ्गता भएका व्यक्तिको सम्बन्धमा जुन सङ्कल्प

प्रस्ताव पेस गर्नुभा'को छ म यसमा समर्थन गर्दै, म धेरे भन्न पनि म चाहन्न । यो संविधानले र मौलिक हकले दिएका अधिकारलाई निष्पक्ष तरिकाले अधिकार दिने कुरामा नेपाल सरकारले कन्जुस्याइँ नगरोस् र जुन नेपालले अपाङ्गता अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि र यसको ऐच्छिक अभिलेख हस्ताक्षर गरिसकेको छ । र म यो संविधानको धारा १८ ले जुन बोलेको छ अधिकार दिने कुरा, संविधानको धारा ३१ ले जुन ३१ को उपधाराले जुन अधिकार दिनको लागि बोलेको कुराहरू र उपधारा (४) ले जुन किसिमले बोलेको छ, उपधारा (२९) को, धारा २९ को उपधारा (९) ले जुन किसिमले बोल्या'छ । संविधानको धारा ४२ ले जुन किसिमले बोलेको छ, यो उपधारा (५) मा जुन किसिमले बोल्या'छ, र संविधानको धारा ४३ ले जुन किसिमले बोल्या'छ, म त्यसपछि संविधानको मक्सद पूरा गर्ने उद्देश्यले अपाङ्गता भएका ब्यक्तिका अधिकार सम्बन्धित ऐन, २०७४ र नियमावली, २०७७ समेत बनिसकेको छ ।

र धेरै विषयवस्तुहरू समेटिएको छ तर पनि कार्यान्वयनको पक्ष भनेको एकदम फितलो छ । यसलाई नेपाल सरकारले कानुनी हिसाबले अथवा कार्यान्वयन गर्ने हिसाबले चाहिँ एकदम जोड तोडका साथ एकदम भित्रै आत्मादेखि नै जुन किसिमले अधिकार दिएको कुरालाई कार्यान्वयन गर्नका निमित्त चाहिँ कन्जुस्याइँ नगरोस् । र जुन किसिमले अब उहाँले ल्याउनुभएको प्रस्तावमाथि यो अवसरमा समानतामा ल्याउने, ल्याउन, शिक्षामा पहुँच पुऱ्याउन, असहाय अपाङ्गता भएका व्यक्तिहरू सबैलाई सम्बोधन गर्ने, अपाङ्गता भएका व्यक्तिलाई पनि महिलाको स्थिति पुरूषको भन्दा अझ दयनीय रहेको भनेर जुन किसिमले सबै कुराहरू यहाँ लेखिएको छ । यो लेखिएको कुरालाई, संविधानले दिएको कुरालाई चाहिँ जुन किसिमले अहिले यो प्रकाश माननीयज्यूले ल्याउनुभएको सङ्कल्प प्रस्तावमाथि यसलाई चाहिँ जुन किसिमको अपेक्षासहित उहाँले ल्याउनुभा'को कुरामा म समर्थन गर्दै म विदा हुन्छु । हस्वत्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य देवेन्द्र दाहाल ।

**(१२:३४ बजे)** **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अपाङ्गता भएका व्यक्तिको सम्मानजनक मर्यादित र स्वतन्त्र जीवनयापनका लागि मात्रै होइन, संविधानप्रदत्त अधिकारहरू र नेपाल पक्ष रहेको अपाङ्गता अधिकारसम्बन्धी संयुक्त राष्ट्र

संघीय महासन्धि र सम्बन्धित कानुनहरूको सफल कार्यान्वयनको लागि भनेर यो सङ्कल्प प्रस्ताव माननीय प्रकाश पन्थले प्रस्तुत गर्नुभएको छ, यसको म पूर्ण रूपले समर्थन गर्नका चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ । त्यसमा धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक छ, १८ मा समानताको हक छ, २४ मा छुवाछुत मात्र होइन भेदभावविरुद्धको पनि हक यसमा उल्लेख गरिएको छ । ४२ मा सामाजिक न्यायको हकमा अपाङ्गता भएका व्यक्तिहरूको समेत हकलाई यहाँ सुरक्षित गरिएको छ । ४३ मा सामाजिक सुरक्षाको हकमा अपाङ्गता भएका व्यक्तिहरूको समेत अधिकारको सुरक्षित गरिएको छ, हकको सुरक्षित गरिएको छ । र यसले गर्दाखेरि यो संविधानको कार्यान्वयनको लागि थुप्रै कानुनहरू बन्नुपर्ने, अरू मौलिक हकलाई कार्यान्वयन गर्नका लागि कानुन बन्न बाँकी नै छन् तर यो अपाङ्गता भएका व्यक्तिहरूको हकलाई सुरक्षित गर्नका लागि कानुनहरू बनिसकेका छन् । खाली यहाँ माननीय सदस्यहरूले उठाउनुभए जस्तै यसको कार्यान्वयनको पक्ष छ, र राज्य संवेदनशील भएको छैन । राज्यको संवेदनशील ढङ्गले यसलाई कार्यान्वयन गर्नुपर्ने, त्यो गरेको छैन । र कयौं कुराहरूमा अभाव खड्किएको अवस्था छ । र जबसम्म राज्यले यसमा ध्यान दिँदैन तबसम्म यो सम्भव छैन । त्यसकारण अपाङ्गता भएका व्यक्तिहरूको हकलाई सुरक्षित गर्नका लागि यो संविधानमा उल्लेख भएका मौलिक हक र मौलिक हकलाई सुरक्षित गर्नका लागि यो सङ्कल्प प्रस्ताव आएको छ । र यो सङ्कल्प प्रस्ताव प्रस्तुत भएको छ र यसमा राज्यको ध्यान जानेछ र यसलाई पारित गरेर हामी सम्बन्धित निकायलाई पठाउने छौं । र तदारूकताका साथ सरकारले, राज्यले यसमा ध्यान दिनेछ । हवस्त्, धन्यवाद ।

**(१२:३७ बजे) माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय प्रकाश पन्थज्यूले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावको म समर्थन गर्दै केही कुरा राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, जुन यहाँ आज सङ्कल्प प्रस्ताव प्रस्तुत गरिएको छ, यदि संविधानका मौलिक हकमा रहेका अधिकारहरूलाई, अपाङ्गसम्बन्धी रहेका अधिकारहरूलाई कार्यान्वयन गर्दिएको भए राज्यले आज सायद यहाँ सङ्कल्प प्रस्ताव प्रस्तुत गर्न पर्दैन थियो । तर राज्य बेखबर बन्यो अथवा उदासीनता देखायो । त्यसो भएको कारण अब हामी माग के गर्न चाहन्छौं भने मौलिक हकमा रहेका अपाङ्गसम्बन्धीका अधिकारहरू कार्यान्वयन होस् । त्यो

कार्यान्वयनका निमित्त २०७४ ऐन बनिसकेको छ, निर्देशिका बनिसकेको छ र कार्यविधि पनि बनिसकेको छ तर सरकार यसमा चाहिँ चासो देखाइरहेको छैन । त्यसो भएको कारण हामी जोडदार माग गर्न चाहन्छौं ।

र अर्को विषय के छ भने जुन संविधानमा भएका अधिकारहरू छन्, धारा ८४ का कुराहरू छन्, १७६ मा उल्लेख छ अपाङ्गसम्बन्धी र ती कुराहरू चैं किन कार्यान्वयन गर्न उदासीनता देखिरहेका छन् राज्य? अथवा राजनीतिक दलहरू पनि त्यहाँ उदासीनता देखिएको छ । त्यसो भएको कारण सबै पक्षको ध्यान आकर्षण गराउनका निमित्त आज माननीय प्रकाश पन्थले यहाँ सङ्कल्प प्रस्ताव पेस गर्नुभो' र हामी त्यसको समर्थनमा उभिएका छौं । हामी उभिएका मात्र छैनौं, यो अपाङ्गसम्बन्धीमा कुरा गरिरहँदाखेरि विभिन्न कार्यक्रम हुन्छ अपाङ्गसम्बन्धीका र विभिन्न अपाङ्गसम्बन्धी पनि १० प्रकारका अपाङ्गहरू छन् । तिनीहरूलाई अधिकार सम्पन्न गर्नका निमित्त संविधान छ, ऐन छ, निर्देशिका छ, कार्यविधि छ, सबै छ । तर यसमा चाहिँ उदासीनता देखिएको छ । त्यसो भएको कारण म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

र अर्को कुरो अपाङ्गभित्र पनि विभेद छ । जुन गणतन्त्र स्थापनाका लागि एक दशक लामो जनयुद्ध भो' । र त्यो जनयुद्ध भएपश्चात् त्यो क्रममा घाइते भएका योद्धाहरू घाइते भएर अपाङ्ग भएका छन् । उहाँहरूले न उपचार पाएको छ, न उनीहरूले उपकरणहरू पाएको छ । यस्तो अवस्थामा म ध्यान आकर्षण गराउन चाहन्छु, सम्माननीय प्रधानमन्त्रीजीलाई म ध्यान आकर्षण गराउन चाहन्छु । द्वन्द्वको क्रममा घाइते भएर अपाङ्ग भएका ती योद्धाहरूको लागि उचित व्यवस्थापन र उहाँहरूलाई चाहिने साधनको पनि राज्यले उपलब्ध गराउनुपर्छ । यदि उपलब्ध गराउन सकेनौं भने सायद यो गणतन्त्र ल्याउनको निमित्त जुन उहाँहरूले देन दिनुभएको छ, त्यो पूरा हुने छैन र त्यसका निमित्त त्यो राज्यलाई सराप लाग्न सक्छ । त्यसो भएको कारण म विशेष अनुरोध गर्दै जनयुद्धका घाइते, अपाङ्ग र समग्र अपाङ्गहरूको अधिकारमा संविधानले दिएका अधिकारहरू र ऐनमा व्यवस्था भएका अधिकारहरूलाई यो राज्यले तत्काल कार्यान्वयनमा ल्याएर उहाँहरूको समस्या समाधान गर्न तयार हुने छ भन्ने विश्वासको साथ आफ्नो कुरो अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सुमित्रा वि.सी. ।

(१२:३९ बजे) **मानननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय प्रकाश पन्थज्यूले प्रस्तुत गर्नुभएको अपाङ्ग भएका व्यक्तिको अधिकार कार्यान्वयनका बारेमा सङ्कल्प प्रस्ताव जुन प्रस्तुत भ'को छ, यसको म पूर्ण समर्थन गर्न चाहन्छु । र उहाँले हामी सबैले सल्लाह गरेर यो सङ्कल्प प्रस्ताव आएको छ । र विभिन्न मन्त्रालयअन्तर्गत नेपालको संविधानमा भएका अधिकारका बारेमा, अन्तर्राष्ट्रिय सन्धि सम्झौताका बारेमा र यी सबै कानुन हुँदा हुँदै पनि कार्यान्वयन नभएको बारेमा विस्तृत ढङ्गले सङ्कल्प प्रस्तावमा आइसकेको छ । र अपाङ्ग विभिन्न category को हुन्छन् भन्ने कुराहरू पनि उठिसकेको छ । जन्मजात र घटना, परिस्थिति र द्वन्द्व, विभिन्न तहले अपाङ्ग भएका व्यक्तिहरूका निम्ति राज्यले साँच्चिकै अभिभावक बन्न सकोस् । र जुन अपाङ्ग भएका व्यक्तिहरूको पारिवारिक बाउआमा मात्रै अभिभावक नभएर, यो राज्य अभिभावक बन्न पर्छ भन्ने मेरो जोडदार माग छ । र अपाङ्ग भएका व्यक्तिहरूको कारण घरको मान्छेहरूलाई कति समस्या हुन्छ, कति tension हुन्छ, यो यसको बारेमा ती अपाङ्ग भएका मान्छेहरूलाई स्याहार सुसार गर्ने कि त राज्यले जिम्मा लियोस् । कतिपय अपाङ्गहरू भएका व्यक्तिहरू आफैंमा पनि विभिन्न सिपहरू, सीप सिकाउने कुरो र आत्मनिर्भर गराउने कुरोमा पनि राज्यको ध्यान जाओस् । र ती स्याहार सुसार गर्दा पनि घरमा बस्नुपर्ने बाध्यता भएका, स्याहार सुसार गर्नुपर्ने भएका अपाङ्गहरूका निम्ति घर परिवारका मान्छेलाई रोजगारी अथवा भत्ता दिनका निम्ति पनि राज्यले गम्भीर भएर सोचोस् । र यो सम्पूर्ण अन्तरमन्त्रालय समन्वय गरेर सबै मन्त्रालयहरूले आफ्नो मन्त्रालयअन्तर्गत पर्ने कुराहरू आफू आफू जिम्मेवार र पारदर्शी हुँदै र कतिपय अन्तरमन्त्रालय समन्वय गरेर समस्या समाधान गर्नुपर्ने कुरालाई त्यतातिर ध्यान जाओस् भन्दै यो सङ्कल्प प्रस्तावको पूर्ण समर्थन गर्दै आफ्नो भनाइ टुङ्ग्याउँछु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलसा कुमारी दाहाल ।

(१२:४२ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयन र सुनिश्चित गर्न, संविधानको मौलिक हकको कार्यान्वयन गर्नु नेपाल सरकार पक्ष राष्ट्र भई अपाङ्गतासम्बन्धी अधिकारका विषयमा संयुक्त राष्ट्र संघीय महासन्धिमा गरिएको प्रतिबद्धताहरूको लागु र कार्यान्वयन गर्ने दायित्व नेपाल सरकार, प्रदेश र स्थानीय तहको हो । आफ्ना देशका नागरिकहरू जो

आवाजविहीनहरू छन् को आवाजलाई सम्बोधन गर्न राज्यका सबै तह सरकार र निकायहरूले गर्नु आवश्यक छ । म यो सङ्कल्प प्रस्तावको समर्थन गर्न चाहन्छु ।

संविधानले अपाङ्गताको आधारमा सबै खाले विभेदको निषेध गर्दै अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४, नियमावली, २०७७ जारी गरिसकेको छ । तथ्याङ्क र अनुसन्धानको हिसाबले हेर्दा देशभरिमा कति प्रकारका अपाङ्ग छन् भन्ने सही सत्य तथ्याङ्क सरकारसँग छैन । सामाजिक सुरक्षाको हिसाबले उपलब्ध गराएको आधारमा केही तथ्याङ्कहरू भए पनि वास्तवमा अपाङ्गको सङ्ख्या कति छ भन्ने तथ्याङ्क नभएको स्थिति देखिन्छ । स्थानीय तहमा अध्ययन र अनुसन्धान गर्नको लागि जिम्मेवार लिने आफ्नो पालिका र वडास्तरमा भएका अपाङ्गतासम्बन्धी व्यक्तिहरू कति छन् भन्ने एकिन गर्न आवश्यक छ । अपाङ्गताभित्र पनि बालिका र महिलाहरूको विषयमा फरक व्यवस्था र प्रजनन हकको सन्दर्भमा हिंसाजन्य व्यवहारको नियन्त्रणको विषयमा सुरक्षा र स्वास्थ्य उपचारका सम्बन्धमा विशेष नीतिको आवश्यकता रहेको छ । अभिभावकविहीन अपाङ्ग भएका व्यक्तिहरूको संरक्षण नभएको वा नभए पनि संरक्षण गर्न नसक्ने अवस्थामा रहेका व्यक्तिहरूको सन्दर्भमा उचित संरक्षणको व्यवस्था राज्यले मिलाउन आवश्यक छ, जसको अभिभावक छैन । अपाङ्ग भएका व्यक्तिहरूको संरक्षण, उद्धार, पुनर्स्थापनाको जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई तोकिएको देखिन्छ । तोकिएको भए तापनि पर्याप्त र उपयुक्त जिम्मेवारी महिला मन्त्रालयले निर्वाह गरिरहेको देखिँदैन ।

नेपाल सरकारले आर्थिक वर्ष ०८०/०८१ मा सार्वजनिक सेवामा अपाङ्गमैत्री बनाउने आवश्यक छ भन्दै सामग्री व्यवस्थापन वितरण गर्ने कुरा, कोशी, लुम्बिनी, कर्णाली प्रदेशमा चैं अपाङ्गमैत्री पुनर्स्थापना केन्द्रहरू बनाउने भनिएको छ । तर कहिलेसम्म हुने हो, अनिश्चित छ । अपाङ्गता भएका व्यक्तिको लागि संविधान तथा कानुनमा प्रदत्त मौलिक अधिकारको कार्यान्वयन गर्ने गरी सम्मानजनक मर्यादित र सरल जीवनयापन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, संरक्षण मानवीय जीवनको जीवनयापन गर्न पाउन सक्ने दायित्व र जिम्मेवारी राज्यको हो । अपाङ्ग भएका बालबालिकाहरूको जीवन आफैं पनि कष्टकर छ, एकातर्फ छ भने अर्कोतर्फ अभिभावकहरू पनि गहिरो चिन्तामा छन् । आफूपछि उनीहरूको जीवन कसले हेर्ला? कसले संरक्षण गर्ला? भन्ने छ । त्यसैले सरकारले प्रतिबद्धताको कार्यान्वयन गर्न सकिरहेको छैन । व्यवहारमा देखिनुपर्छ, व्यवहारमा सरकारको अपाङ्गतासम्बन्धी विषयमा कार्यान्वयन गरेको देखिँदैन । सरकार कार्यकारी र गम्भीर हुन आवश्यक छ । हामी सङ्कल्प प्रस्ताव पारित गर्दै जाने, सरकारले लागु नगर्ने, कार्यान्वयन नगर्ने, यो

ठुलो कमजोरी हो । तसर्थ, म यो सङ्कल्प प्रस्तावमा भएका कुराहरूलाई, सम्पूर्णलाई समर्थन गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डाक्टर विमला राई पौडयाल ।

(१२:४५ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, म माननीय प्रकाश पन्थज्यूले प्रस्तुत गर्नुभएको अपाङ्गता भएको व्यक्तिहरूको अधिकारसम्बन्धी, अधिकारको कार्यान्वयनसम्बन्धी यो सङ्कल्प प्रस्तावको समर्थन गर्न चाहन्छु । यसो कुरा गरिरहँदाखेरि मुख्य गरी तीनटा पाटो लाग्छ मलाई, तीनटा महत्त्वपूर्ण पक्षहरू लाग्छ, जसमा सरकारले ध्यान दिनुपर्ने हुन्छ । पहिलो भनेको संरक्षण हो । संरक्षणमा विशेष गरिकन हाम्रो संविधानले मौलिक हक भनेर सबैको लागि बनाएको हो । तर शिक्षाको हक, स्वास्थ्यको हक, रोजगारीको हक, न्यायको हक, यस्ता थुप्रै ३२ वटा जुन हक छन् हाम्रा, ती हकहरूमा धेरै हकहरू चैं अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता भएकै कारणले प्रयोग गर्न सकिरहेका छैनन् । त्यसले गर्दाखेरि सबैभन्दा पहिला त सबै संरचनाहरू अपाङ्गतामैत्री बनाउन जरुरी छ । यसको लागि शारीरिक, भौतिक संरचना मात्रै होइन, जनशक्तिको, मैले भेटेको छु आफूलाई पखाला लाग्यो भनेर, आफूलाई चैं pregnant भएँ भनेर एक जना महिला hospital जाँदाखेरि डाक्टरले बोल्न नसक्ने महिलालाई चैं औषधी दिएर पठाउँदा पखालाको औषधी दिएर पठाएको अनुभव छ मसँग । त्यस्ता खालका अपाङ्गता भएका व्यक्तिहरू पनि हुनुहुन्छ ।

त्यस्तै गरिकन प्रधानमन्त्री केपी शर्मा ओली, त्यतिबेला तत्कालीन प्रधानमन्त्रीले भर्ना गराउन विद्यार्थीहरूलाई, भर्ना गराउने एउटा अभियान लिएर तालमा, हाम्रो मुगुमा जाँदाखेरि त्यहाँको एक जना बालिका स्कुल जान नसक्ने भएर छुट्नुभयो । त्यत्रो ठुलो प्रधानमन्धीले सुरु गरेको अभियानमा त्यहाँको बालिका अपाङ्गतामैत्री स्कुल नभएकै कारणले छुट्नुभयो । त्यसले गर्दा भौतिक संरचनाहरूलाई एकदमै राम्रोसँग audit गरेर शिक्षा, स्वास्थ्य, अदालत, प्रहरी चौकी, यस्ता अति नै महत्त्वपूर्ण कुराहरूलाई चाँडोभन्दा चाँडो चैं audit गरेर त्यसलाई अपाङ्गतामैत्री बनाउन जरुरी छ । त्यस्तै गरिकन घरमा बसेर अपाङ्गता भएका व्यक्तिहरू बस्न नसक्ने अवस्था छ भनेदेखि care home पुनः स्थापना केन्द्रको व्यवस्था गर्न जरुरी छ, सामाजिक सुरक्षाको जरुरी छ ।

अर्को महत्त्वपूर्ण कुराः सहभागिताको सवाल हो । सहभागिताको सवालमा हामीले जति बोले पनि अपाङ्गता जसलाई भएको छ उसलाई थाहा हुन्छ, issue को विषयमा । त्यसले गर्दाखेरि उहाँहरूको निर्णय प्रक्रियामा र रोजगारीमा सहभागिताको एकदमै सुनिश्चित गर्न जरुरी छ । त्यतातिर सरकारले ध्यान दिओस् भनेर भन्छु ।

र तेस्रो महत्त्वपूर्ण कुरा चैं बेलायतका यो भौतिक शास्त्रीले हामी सबैलाई थाहा छ Stephen Hawkings भन्ने जो चैं पूर्ण रूपमा अपाङ्गता र अशक्ति हुँदा हुँदै पनि black hole भन्ने अवधारणा ल्याउनुभा'को थियो । त्यो के कारणले ल्याउनुभयो, ल्याउन सक्नुभयो भन्दा अपाङ्गतामैत्री, उपकरण र प्रविधिको प्रयोग गर्नको लागि सरकारले सहयोग गरेर । त्यो भएर अपाङ्गता भएका व्यक्तिहरूसँग भएको दक्षता, सिप र knowledge जुन छ, त्यसलाई उपयोग गर्नको लागि प्रविधिको पहुँच बढाउन जरुरी छ । यसमा सरकारले लगानी गर्न पर्छ जस्तो मलाई लाग्छ । यति कुराहरू गऱ्यो भने केही हदसम्म हामी यसमा सफल हुन्छौं । धन्यवाद ।

(१२:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा । माननीय सदस्य सोनाम गेल्जेन शेर्पा । माननीय सदस्य सोनाम गेल्जेन शेर्पा ।

माननीय सदस्य रामचन्द्र राई । माननीय सदस्य रामचन्द्र राई । माननीय सदस्य रामचन्द्र राई ।

माननीय सदस्यहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथि समर्थक माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब सङ्कल्प प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्ष डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई तीन मिनेटभित्र उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सुरेश कुमार आलेमगर ।

(१२:४९ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, विभिन्न २१ जना माननीयज्यूहरूको समर्थनमा माननीय प्रकाश पन्थले प्रस्तुत गर्नुभएको यो अपाङ्गतासम्बन्धी प्रस्तावलाई हार्दिकतापूर्वक पूर्ण तथा दृढ समर्थन गर्न चाहन्छु । यो ऐतिहासिक र महत्त्वपूर्ण दस्तावेज हो । एउटै दुःख मात्र मलाई के लागेको छ भन्दाखेरि यस्तो एउटा ऐतिहासिक र महत्त्वपूर्ण दस्तावेज तयारी भइरहँदा म चैं तयारी गर्ने साथीहरू सम्झनामा आएनछु । यो मेरो हस्ताक्षर यहाँ छुटेछ । यो जुन, समय छोटो छ र धेरै कुराहरू यही सङ्कल्प प्रस्तावमा पनि छन् । यसमा प्रस्तोता र समर्थन माननीयज्यूहरूले जुन कुरा भन्नुभएको छ, तीमध्ये एउटा अधिकार सम्पन्न प्रतिष्ठान र आयोग गठन गरिने कुरा धेरै महत्त्वपूर्ण छ र त्यो निश्चित रूपमा गरियोस् भनेर म पनि माग गर्न चाहन्छु ।

र अर्को कुरा यो समावेशिता, समावेशिताको बारेमा मलाई के लाग्छ भन्दाखेरि यो अपाङ्गताभित्र पनि विभिन्न प्रकारका विविधताहरू छन् । एउटा त अपाङ्गताकै विविधता । अपाङ्गता भएका व्यक्तिहरू एकै प्रकारले अपाङ्ग छैनन्, त्यहाँ विविधता छ । त्यसलाई पनि ध्यान दिइयोस् । र विगतमा के हुने गरेको छ भन्दाखेरि अपाङ्गता भएको व्यक्तिबाट लैजाँदाखेरि पनि एउटै समुदाय, लैङ्गिक समुदायबाट लैजाँदाखेरि पनि एउटै समुदाय, भौगोलिक, दुर्गम क्षेत्रबाट प्रतिनिधित्व गराउँदाखेरि पनि एउटै समुदाय, त्यसै गरी निर्धन र गरिब, निस्सहायको कुरा हुँदाखेरि पनि एउटै समुदाय खालको जुन हुने गऱ्या छ, त्यस्तो नहोस् । अपाङ्गताको बारेमा विविधतालाई ध्यान दिइरहँदाखेरि हामीले के छ भन्दाखेरि त्यहाँ पनि विभिन्न प्रकारका विविधताहरू, त्यसलाई ध्यान दिइयोस् भन्ने कुरा म राख्न चाहन्छु ।

र अर्को, यही सङ्कलप प्रस्तावमा उल्लेख छ, कार्यान्वयन भएन भनेर । यो निश्चित रूपमा ठुलो समस्या छ । धेरै कुराहरू यो देशमा छन् । मलाई लाग्छ अपाङ्गता बारेमा पनि कानुन, आदि इत्यादि कुराहरूको अभाव चैं छैन । तर किन कार्यान्वयन भएन त? भन्दाखेरि इमान्दारी । इमान्दारी चैं कतै पनि भएन । सम्माननीय अध्यक्ष महोदय, हरेक कुराको औषधी पाइयो तर नकच्चरोपनाको पाइएन भनेर भन्थ्यो र एउटाले, त्यस्तै जस्तो हरेक कुरा त यो देशमा पाइने भइयो तर इमान्दारी पाइएन । योग्यता छ, क्षमता छ, योग्य, क्षमतावान् व्यक्तिहरू छन् तर इमान्दारी छैन । हो, इमान्दारी, यो देखियोस् । इमान्दारी कहाँ फेला पारिन्छ? खोज्न पाए पनि हुन्थ्यो । इमान्दारीपूर्वक संलग्न निकायहरूले, व्यक्तिहरूले यो सङ्कल्प प्रस्तावमा उल्लेख भएको कुरालाई लागु

गरौं । यिनै कुराहरू राख्दै र सम्माननीय अध्यक्षमार्फत सरकारलाई यसको लागि दृढतापूर्वक अनुरोध पनि गर्दै मेरो मन्तव्य यहीं मैले बिट मारें । धन्यवाद, अभिवादन ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य भुवन वहादुर सुनार ।

(१२:५२ बजे) **<u>माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज यो भर्खर प्रस्तुत भएको अपाङ्गतासम्बन्धी सङ्कल्प प्रस्तावमाथि पुनः समर्थन गर्दै जुन अपाङ्गले पाउनुपर्ने अधिकारहरू राज्यले उपलब्ध गराउन नसकेको र अझ त्यसमा पनि द्वन्द्वका कारणले अपाङ्ग भएका व्यक्तिहरू झन् समावेशै गर्न सकिरहेको अवस्था छैन । र उनीहरूको हक र अधिकारको लागि विभिन्न माध्यमबाट चैं सहयोग र समर्थन जुटाउनलाई प्रयास गर्दा गर्दै पनि त्यो पुगिराखेको छैन । त्यसैले गर्दा यस यो सङ्कल्प प्रस्तावमा जसले चैं अपाङ्गतासम्बन्धी आयोग बन्न पर्ने र प्रतिष्ठान गठन गर्नुपर्ने भन्ने विषय जुन राखिएको छ, त्यसलाई ध्यान दिंदै अपाङ्गहरू पनि सपाङ्गसरह चैं क्षमता राख्न सक्छन् । र उनीहरूको सिप र कलालाई पनि राज्यले भरपूर उपयोग गर्दै एउटा टेवा पुग्ने, राज्यको प्रगति समृद्धिमा टेवा पुग्न सक्ने क्षमता भ'को समुदाय जो अपाङ्गता भएका व्यक्तिहरू हुन्छ, उहाँहरूको त्यो सिप र कलालाई चैं लिंदै राज्यले सशक्त रूपमा अगाडि बढाउनुपर्छ भन्दै म समर्थनसहित मेरो भनाइ यहीं अन्त्य गर्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य जितेन्द्र नारायण देव ।

(१२:५४ बजे) **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खरै माननीय प्रकाश पन्थले अपाङ्गतासम्बन्धी सङ्कल्प प्रस्ताव यो गरिमामय सदनमा पेस गर्नुभा' छ । र त्यसलाई हामी सबैले समर्थन गरेका छौं, त्यो मैले पनि समर्थन गरेको छु, दृढतासाथ समर्थन गर्दछु । मुख्य कुरा सम्माननीय अध्यक्ष महोदय, उहाँ आफैंले यो कुरा भन्नुभो' कि हामीसँग संवैधानिक व्यवस्था पूर्ण छ । कानुनी व्यवस्था पनि, कानुन पनि बनिसकेको छ, कानुनी व्यवस्था पनि पूर्ण छ । नियमावली पनि बनिसकेको छ लगायतका दस्ताबेजहरूको हामीसँग कमी छैन । तथापि, यो विषयमा जे जति राज्यले निर्णय गरेको छ, ती निर्णयहरू लागु भइराखेको

छैन, कार्यान्वयन भइराखेको छैन । त्यसका मूल सवाल त्यो सङ्कल्प प्रस्तावले नै के निष्कर्षको रूपमा राखेको छ भन्दाखेरि मूल सवाल भनेको कार्यान्वयनको सवाल हो । किन भइरा' छैन? म सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारलाई र नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूलाई यो म गम्भीर ध्यानाकर्षण यो दुइटा कुरामा गराउन चाहन्छु । कि मूल रूपमा हाम्रो democracy, आम रूपमा हाम्रो democracy र ठोस रूपमा राज्य सञ्चालन दुई/तीनटा गलत प्रवृत्तिहरूको सिकार भइराखेको छ । र त्यो गलत प्रवृत्तिहरूलाई हामीले नरोक्ने हो भने, त्यसलाई नियन्त्रण नगर्ने हो भने राज्यले गर्ने कुनै पनि निर्णयहरू लागु हुँदैन र जनताले दुःख पाउँछ । न सुशासन हुन्छ, न सेवा प्रवाह हुन्छ । त्यो भनेको के हो भन्दाखेरि हाम्रो राज्य सञ्चालनको प्रक्रियामा सबभन्दा ठुलो कमजोरी भनेको accountability, जवाफदेहिताको कमी छ । कोही, कसैले जिम्मेवारी वहन गर्न चाहँदैन । Shifting of accountability को प्रवृत्ति छ, trend छ । मैले होइन, उसले नगरेको । उसले होइन भने उसले नगरेको भन्ने accountability को अभाव छ हाम्रो democracy मा, राज्य सञ्चालनको प्रक्रियामा । Number 1.

Number 2 के भन्दाखेरि हाम्रो राज्य सञ्चालनको प्रक्रियामा दण्ड र पुरस्कारको उचित व्यवस्थापन छैन । काम गरे पनि हुने, नगरे पनि हुने, नगर्नेले पुरस्कार पाउने, गर्नेले दण्ड पाउने, यो प्रवृत्ति छ । र तेस्रो प्रवृत्ति भनेको हाम्रो democracy र राज्य सञ्चालनको प्रक्रियामा अराजकताले ठाउँ लिइराखेको छ, स्वच्छन्दताले ठाउँ लिइराखेको छ । यदि यो प्रवृत्तिहरू बढ्दै जाने हो भने राज्य सञ्चालनको प्रक्रिया कमजोर हुन्छ, हुन्छ । तर भोलि democracy चैं injured हुन्छ । मलाई चिन्ता त्यो विषयको छ । त्यसकारण सम्माननीय अध्यक्ष महोदयमार्फत म सम्माननीय प्रधानमन्त्रीज्यूको र आज धेरै मन्त्रीज्यूहरू पनि यहाँ बसिराखुभा' छ, democracy प्रति चिन्ता गर्ने हामी सबैलाई, यो अवस्थाप्रति हामी चिन्तित छौं र त्यतातिर ध्यान आकर्षण गर्न चाहन्छौं, सम्माननीय अध्यक्ष महोदय, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य माया प्रसाद शर्मा ।

**(१२:५७ बजे)** <u>**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, यो अपाङ्गतासम्बन्धी प्रस्ताव माननीय प्रकाश पन्थले राखुभएको छ । त्यो प्रस्तावप्रति म हार्दिकतापूर्वक समर्थन गर्न चाहन्छु । विशेष गरेर यो अपाङ्गता भएको

व्यक्तिहरूको व्यवस्थापनका हिसाबले संविधानमा उल्लेख छ । कानुन निर्माण भएको छ । ऐन बनेको छ । ऐन, कानुनहरू पनि छन् । तर कार्यान्वयनको समस्या छ । सायद यो प्रस्तावको उद्देश्यभन्दा यो कार्यान्वयन गर्नका निमित्त दबाब दिन, प्रेरित गर्न र प्रतिबद्ध गराउनका निमित्त हो । अध्यक्षमार्फत नेपाल सरकारलाई यसका निमित्त जोड गर्न चाहन्छु । र अपाङ्गता विशेष गरेर प्रकृति हिसबाले अपाङ्गता भएको हो र युद्धका कारणले अपाङ्गता भएको हो, विषय छ । र यो प्रकृतिबाट अपाङ्गता भएका मान्छेलाई भाग्य, कर्मको हिसाबले घृणा गर्ने र युद्धका कारणले सङ्घर्षका कारणले, जनक्रान्तिका कारणले भएकालाई युद्धको घृणा गरेर अपाङ्गताप्रतिको अपमान हुने प्रक्रिया छ । यो नहुँदा राम्रो हुन्छ । यो समस्या पनि एउटै हो । यो दुःखाइ पनि एउटै हो । समस्याको आवश्यकता पनि एउटै हो । र अहिले जनयुद्ध, जनआन्दोलनका कारणले धेरै घाइते अपाङ्गहरू धेरै छन् । जीवनयापन गर्नका निमित्त समस्या छ । सरकारमा आएको बेला समर्थन र नभएको बेला विरोध गरेर घृणा पैदा गर्ने परिपाटीको पनि विकास भएको छ । यसलाई विशेष गरेर सरकारले यो समस्या हो भनेर भन्ने कुरालाई विशेष ध्यान दिनुपर्ने छ ।

अर्को तिर अपाङ्गताका बारेमा अरू कसैबाट सहयोग भन्दा सरकारले नै त्यसको जिम्मा लिनुपर्छ । अर्को भिन्न खालको अहिले मनोवैज्ञानिक अपाङ्गताको विकास तीव्र गतिमा भएको छ । त्यसका बारेमा पनि अपाङ्गताको उसमा राखेर हल गर्नीतिर लाग्नुपर्छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य कुमार दसौदी ।

**(१२:५९ बजे)** **<u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो माननीय प्रकाश पन्थले सङ्कल्प प्रस्ताव पेस गर्नुभा' छ । यो संविधानमा उल्लेख छ । मौलिक हकको विषयमा ऐन बनेको छ । निर्देशिका बनेको छ । फेरि सङ्कल्प प्रस्ताव ल्याउनुपर्ने नौबत आयो किन? किन भने यसप्रति सरकार जवाफदेहिताका साथ सरकारले चाहिँ ध्यान दिएन । उदासीन भो', अपाङ्गप्रति उसको हेर्ने दृष्टिकोण फरक भो', त्यसकारण यो नौबत आयो भन्ने मलाई लाग्छ । यो विषय मात्रै होइन सरकारले हरेक त्यो संविधान, कानुन जब आफू कुर्सीमा बसिसकेपछि त्यो संविधानमा के कुरा लेखिएको छ । जनताको पक्षमा के काम गर्नपर्ने हो भन्ने आफ्नो चाहिँ योजनाका साथ त्यो अगाडि बढ्न पर्ने, जान पर्ने, किन जाँदैन? किन सरकारलाई काम गराउनका लागि सङ्कल्प प्रस्ताव नै ल्याउनुपर्ने सडकमा लाखौं मान्छे आउनै पर्ने, आन्दोलन गर्नै पर्ने,

हडताल गर्नै पर्ने, कस्तो बाध्यता हो यस्तो? हिजो त ठिक छ हामीले भनेको व्यवस्था थिएन, संविधान थिएन । त्यसकारण त्यो गर्‍यौं हामीले भन्ने कुरा थियो आज त स्वयम् हामी आफैंले बनाको संविधान हो यो । हामीले आफैंले बनाको कानुन हो । हामी आफैं जनताबाट निर्वाचित भएर आएका प्रतिनिधि हौं । तर हाम्रो ध्यान कहाँ छ अहिले पनि? अहिले पनि हिजो पूर्वप्रधानमन्त्री सम्माननीय केपी शर्मा ओलीको पालामा कुनै पनि अपाङ्गहरू बाटामा बसेर बाँच्नका लागि हात थाप्न पर्ने परिस्थिति थिएन । सरकारले बाँच्नका लागि छुट्टै व्यवस्था गरेर चाहिँ लगेको थियो । तर आज हरेक ठाउँ ठाउँ कुना कुना मतलब हरेक उसमा चाहिँ मतलब juncture मा माग्दै बस्न पर्ने अवस्था छ । त्यो किन आयो? द्वन्द्वबाट एउटा सग्लो मान्छेलाई जिउन गाह्रो छ भने अपाङ्ग भ'का, द्वन्द्वबाट अपाङ्ग भ'का होलान् भवितव्यबाट अपाङ्ग भ'का होलान्, प्रकृतिले ठगेको होला, अनेक होला । कतिपय मान्छे सुत्यासुत्यै खान पर्ने, बस्न पर्ने छ । तर त्यसको चाहिँ कम्तीमा वर्गीकरण गरेर त्यसको राम्रोसँग बाँच्ने व्यवस्थापनको ग्यारेन्टी सरकारले किन गर्न सक्दैन? यो सरकार कहाँ छ ध्यान? त्यसकारण म स्वयम् सम्माननीय प्रधानमन्त्री यत्रा मन्त्रीजीहरू हुनुहुन्छ । म गम्भीर ध्यानाकर्षण गराउँछु कि अब आइन्दा संविधानमा उल्लेख भएका कुराहरू यसरी चाहिँ सङ्कल्प प्रस्तावको रूपमा आन्दोलन हडताल गर्न नपर्ने गरी कार्यान्वयन गर्नुस् यही कुरा म संसदमार्फत ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे ।

**(१३:०२ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, अपाङ्गता सङ्कल्प प्रस्ताव औचित्यसहित माननीय प्रकाश पन्थले प्रस्तुत गर्नुभएको छ । यसमा धेरै व्याख्या विश्लेषण पनि भएको छ । यो प्रस्तावको म पूर्ण समर्थन गर्न चाहन्छु । र अपाङ्गताको अधिकारको विषयमा छलफल गर्दा अहिले यहाँ मैले क्याबिनेटको बैठक बस्न पुग्ने सङ्ख्यामै मन्त्रीज्यूहरूलाई देखेको छु । त्यसैले गर्दा म वहाँहरूकै ध्यानाकर्षण गर्न चाहन्छु । सरकारले तुरन्तै गर्न सक्ने कुरा अपाङ्गको अधिकारको रूपमा वार्षिक रूपमा स्वास्थ्य शिविर लैजाने र उनीहरूलाई एउटा परिचयपत्र दिने भनेर निर्देशन गर्‍यो भने मात्रै अपाङ्गले परिचयपत्र पाउँछ । बाउआमाले बोकेर लैजान नसकेको कारणले, आर्थिक कारणले परिचयपत्रबाट पनि छुटेको छ । यति सजिलो विषय छ । यसो गर्दा पनि गर्न सकिन्छ । अपाङ्ग भएको बच्चाको

हकमा उनले लिन जाने सेवामा, उपचार खर्चमा कम से कम यातायात खर्च दिने भनेर हामीले निर्णय गर्न सक्यौं । स्थानीय सरकारमार्फत दिने निर्णय गर्न सक्दा पनि उसले चाहिँ समयमा त्यो सुविधाहरू लिन सक्छ । त्यस्तै गरी धेरै कुराहरू आइसकेको छ । म धेरै कुरा गर्दिनँ । अझै बढी जोखिम कसलाई छ भने महिलाहरूलाई छ । अपाङ्गता भएको महिलाहरूको जोखिम अझै बढी छ । यस अर्थमा छ कि बोल्न नसक्ने महिलाहरू, हिँड्न नसक्ने महिलाहरू बलात्कृत भएका छन् । उनीहरूले सन्तान जन्माएका छन् । जन्मिएको सन्तानले नागरिकता बनाउने बेलामा आफ्नो आमाले सामाजिक रूपमा गल्ती गऱ्यो भनेर आमाप्रति नै घृणा गरेर आमा त्यति अपमानित भएको अवस्था छ । त्यस्तो खालको अवस्थामा हामीले भनेका छौं । यो समुदायले यसको बाउ यहीँ लुकाएर राख्या छ निकालेर नागरिकता बनाइदिने भए बनाइदेऊ नाई भने सबैलाई मुद्दा हाल्छु भनेसी एउटा बाउले नागरिकता बनाइदिएको छ । त्यस्तो खालको घटनाहरू छ । हाम्रो समुदायमा कति घृणित भएर, कति अपमानित भएर महिलाहरूले सहेर बस्नुपरेको छ । यस्तो खालको संकीर्ण विचारहरूलाई तोड्नको निम्ति हामीले ध्यान दिन सकिन्छ । चेतना ल्याउनुपर्छ भन्ने नै लाग्छ ।

अर्को कुरो बौद्धिक मान्छेहरूले त चाहेको बेलामा आफ्नो यात्रा टुङ्ग्याउन सक्छन् । अपाङ्गता भएको मान्छेहरूले जीवनभरि त्यो पीडा सहँदा उनीहरूले कसरी सहेर बसेका होलान्, हामीले उनीहरूको ठाउँबाट सोच्यो भने हामी साँच्चैकै मर्माहित हुन्छौं । त्यसो भएर यस्ता खालका कुराहरूलाई पनि हामीले संवेदनशील भएर सरकारले लागु गर्न सक्ने कुराहरूमा अगाडि बढाउनको निम्ति कार्यान्वयन योजनाहरू बनेको छ । अब हामीले सक्ने सक्ने काम लागु गरेर जनताको मन छुने काम गरौं भन्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोपाल भट्टराई ।

**(१३:०५ बजे)** **<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त माननीय प्रकाश पन्थले ल्याउनुभएको यो सङ्कल्प प्रस्ताव अहिले आवश्यक थियो । त्यसो भएर ल्याउनुभएको छ । यसलाई पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । खास गरेर यो सङ्कल्प प्रस्तावमा संविधान कार्यान्वयन, कानुन कार्यान्वयन र विभिन्न मन्त्रालयहरू, लाइन एजेन्सीहरू सबैले गर्नुपर्ने कामहरू, यी कामहरू भएनन्, त्यसो भएको हुनाले गर्नुपऱ्यो भन्ने गरी आएको छ । त्यसो भएको हुनाले यसमा अब प्रधानमन्त्रीजी यहाँ उपस्थित हुनुहुन्छ, यो सङ्कल्प प्रस्तावलाई

तलदेखि माथिसम्म पढेर सम्बन्धित मन्त्रालयलाई निर्देशन गरेर, यो कार्यान्वयनको निम्ति हार्दिक अनुरोध गर्न चाहन्छु अध्यक्षज्यूमार्फत । र अहिले यो हामीले संविधान बनाएम्, कानुन बनाएम्, सबै बनाइरा' छौं । तर अहिले भर्खरै बनेका संरचनाहरू पनि अपाङ्गमैत्री छैनन् । मैले एउटा उदाहरण दिन्छु, अहिले भर्खरै एक डेढ वर्षमा यो बन्या छ, यो आकाशेपुल, त्यो अपाङ्ग त होइन सपाङ्गलाई पनि गाह्रो छ । र यातायातहरू, यातायातको क्षेत्रमा अहिले आएका यातायातका साधनहरू, सार्वजनिक यातायातका साधानहरू पनि अपाङ्गमैत्री छैनन् । सडकहरू अपाङ्गमैत्री छैनन् । यहाँबाट सुरु गर्न पर्‍यो । यी कामहरू नगर्दासम्म अरू सबै फेहरिस्त यसमा भ'को हुनाले मैले धेरै कुरा राखिनँ । अहिले मैले तत्काल देखिएको एउटा उदाहरणको रूपमा मात्रै अहिले बनेका संरचनाहरूसमेत कानुनी रूपमा, संवैधानिक रूपमा उपयुक्त छैनन् । त्यो त कानुनविपरीत छ भन्न पर्‍यो नि हामीले । त्यसो भएर यसतर्फ यो समग्र पक्षमा सरकारको ध्यान गएन भने यो हाम्रो सङ्कल्प प्रस्तावको कुनै महत्त्व रहँदैन । त्यसो भएर यो हुबहु लागु होस् भन्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य राधे श्याम पासवान ।

**(१३:०८ बजे)** **<u>माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्षज्यू, माननीय प्रकाश पन्थज्यूले प्रस्तुत गर्नुभएको अपाङ्गता भएका व्यक्तिको प्रस्तावलाई म समर्थन गर्न चाहन्छु । र यहाँ प्रायः धेरै माननीयज्यूहरूले नै समर्थन गर्नुभएको छ । र राष्ट्रिय सभाबाट यो प्रस्ताव पारित नै हुन्छ । जस्तैः दलितको हकसम्बन्धी सङ्कल्प प्रस्ताव पनि पारित भा' थियो । आज अपाङ्गता भएका विषयमा पनि यो प्रस्ताव पारित हुन्छ । तर यो अपाङ्गता भएको प्रस्ताव संविधानमा व्यवस्था भएको छ अध्यक्ष महोदय । र यो ऐन पनि बनिसकेको छ । २०७४ मा ऐन पनि बन्यो, नियमावली पनि बन्यो । तर फेरि यो सङ्कल्प प्रस्ताव आउनुपर्ने कारण के हो त? यसमा हामी गम्भीर हुन जरुरी छ । अहिले हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यू पनि हुनुहुन्छ । मन्त्रीज्यूहरू पनि हुनुहुन्छ । यो हामीले पटक पटक हरेक संविधानमा मौलिक हकमा लेखेका विषयहरूसम्बन्धी यो सङ्कल्प प्रस्ताव आउनु, यो कतिको उचित हो त? यसकारण के हो भने हाम्रो कतै न कतै त्रुटिहरू देखापरिरहेका छन् । र हामी यो संयुक्त राष्ट्र संघमा पनि महासन्धिमा हाम्रो नेपाल सन्धि गरेको छ, अपाङ्गतासम्बन्धी विषयमा । र हाम्रो कानुनहरूमा पनि, हामीले यो अपाङ्गतासम्बन्धी अधिकारहरू दिनुपर्छ भनेर उल्लेखित गरेका छौं । तर हामी किन दिइरा'को छैनौं?

हाम्रा प्रकाश पन्थ माननीयज्यूले सबै मन्त्रालयलाई कोट गरेर यहाँ लेख्नुभएको छ । गृह मन्त्रालय, कानुन न्याय तथा संसदीय मन्त्रालय, शिक्षा विज्ञान प्रविधि मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सूचना मन्त्रालय, संघीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय सबै मन्त्रालय कोट गर्नुभा' छ । सबै मन्त्रालयका मन्त्रीज्यूहरू प्रायः यहाँ उपस्थित हुनुहुन्छ । अपाङ्गता भएको व्यक्तिको विषयमा सबै मन्त्रालयले हामी कार्यान्वयनको तर्फमा जानुपर्छ र यसलाई हामीले अधिकार कसरी दिने हो त? जस्तै शिक्षाको सवालमा अहिले शिक्षा मन्त्रीज्यू पनि हुनुहुन्छ । अहिले विधेयक पनि हाम्रो ल्याउँदै हुनुहुन्छ । भर्खरै हाम्रो शिक्षकहरू रोडमा उत्रिनुभो' किन उत्रिनुभो'? कारण के हो त? यो पटक पटक रोडमा उत्रिनु पर्ने कारण के हो त? यो के हामी, हाम्रो कमजोरीहरू भइरहेको छैन । त्यसकारणले हाम्रो संसदमा दलितका विधेयक पेस भो' । तर बजेट बन्यो, बजेटमा तपाईंको हामीले दलितका सम्बन्धी विधेयकै ल्याउन सकिएन । र हामीले कार्यान्वयन गर्न सकेन । प्रतिबद्धता पनि हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यू दिनुभो' तर कार्यान्वयन हुन सकेन यसमा बजेट संशोधन, त्यसकारणले यो पटक पटक यो सङ्कल्प प्रस्ताव आउनु यो उचित होइन । यसलाई हामीले कार्यान्वयन गर्नुपर्छ जस्तै कि हाम्रा अपाङ्गता अहिले विधेयक अहिले हाम्रा सङ्कल्प प्रस्ताव आ'को यसलाई कार्यान्वयन होस् र सबै निकायलाई तपाईंको आदेश होस् भन्ने म कामना दिँदै बिदा लिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१३:११ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, माननीय प्रकाश पन्थज्यूले प्रस्तावक भएर ल्याउनुभएको यो सङ्कल्प प्रस्ताव जसमा २१ जना माननीयज्यूहरूले यसको समर्थन गर्नुभएको छ । र हाउसमा बोल्ने सबै माननीयज्यूहरूले पनि यो प्रस्तावको पक्षमा बोल्नुभ'को छ । र मैले यो प्रस्तावको पक्षमा मैले आफ्नो कुराहरू पनि राख्न चाहिँ चाहन्छु । हाम्रो देशमा संविधान बनेको चाहिँ छ । कानुन बनेको चाहिँ छ । र नियमावली पनि बनेका छन् । तर पनि यो अपाङ्गतासम्बन्धी सङ्कल्प प्रस्तावहरू फेरि पनि सदनमा आउने कुरा मौलिक हकमा प्रष्ट व्यवस्था गरिएको चाहिँ छ । मौलिक हकको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने अधिकार चाहिँ सुनिश्चित भ'को चाहिँ छ । मौलिक हकको धारा १८ मा समानताको हकको व्यवस्था गरिएको चाहिँ छ । ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको चाहिँ छ ।

त्यसै गरी सामाजिक सुरक्षाको हक धारा ४३ मा गरिएको छ । यी यत्रा हकहरू स्थापित भइसकेपछि, व्यवस्था गरिसकेपछि हामीले कानुन पनि बनाइसकेका छौं । त्यो कानुन चाहिँ किन कार्यान्वयन हुँदैनन्? म सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउँछु । किन कार्यान्वयन चाहिँ हुँदैनन्? सरकारलाई असहयोग, राज्य सञ्चालन गर्ने कर्मचारीतन्त्रले सहयोग गरेन कि? अथवा सरकारलाई सहयोग गर्ने सरकारकै मन्त्रालय, अर्थमन्त्रालयले त्यसलाई बजेट नदिएर चाहिँ सहयोग पुगेन कि? अथवा यो कानुन किन कार्यान्वयन चाहिँ हुँदैनन्? आज प्रश्न हरक्षेत्रबाट उठिरहेको छ । फेरि पनि सडकबाट तमाम खालका कुराहरू प्रश्न उठेका छन् । कहीं यो संघीयता नै हाम्रो निम्ति अफाप त भएन कहीं यो? किन यी हाम्रा कुराहरू सम्बोधन हुँदैनन्? सरकार छ, छ भन्ने कि छैन भन्ने, छ भन्यो भने संविधान कार्यान्वयन हुँदैन । कानुन कार्यान्वयन हुँदैन । नियमावलीहरू कार्यान्वयन हुँदैन । छ भन्ने हो भने सरकार हुनु र नहुनुको कुनै अर्थ नै देखिएन यहाँ । यसले गर्दा माननीयज्यूले भनेजस्तै हामी पटक पटक सङ्कल्प प्रस्तावहरू विशेष ध्यानाकर्षण प्रस्तावहरू हामी जरुरी सार्वजनिक महत्त्वका प्रस्तावहरू लिएर आउछौं । तर पनि हाम्रो यो देशको सरकार सुन्दैन । हामीलाई गम्भीर चाहिँ छौं । हामी दुःख व्यक्त गरिरहेका चाहिँ छौं । पूर्ववर्ती सरकार केपी ओलीको पालामा भएको जति पनि कानुनहरू थिए, ती कानुनलाई कार्यान्वयन गर्नका निम्ति सरकारले खुट्टा कामेको हो भने फेरि पनि खुट्टा नकाम्नको निम्ति हामी floor बाट, यो सरकारलाई समर्थन गर्न floor बाट चाहिँ सरकारलाई सहयोग गर्न हामी तत्पर छौं । तर सम्माननीय अध्यक्षज्यूमार्फत म ध्यानाकर्षण गराउन चाहन्छु । योसम्बन्धी जो ऐन चाहिँ छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ चाहिँ छ । नियमावली, २०७७ चाहिँ छ । त्यसै गरेर अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्त भौतिक संरचनासम्बन्धी निर्देशिका, २०६९ छ । यी सबै कुराहरू कार्यान्वयन हुन् । र म यो जन्मजात अपाङ्ग भएकाहरू, दुर्घटनामा परी अपाङ्ग भएकाहरू, द्वन्द्वका कारण अपाङ्ग भएकाहरू, वैदेशिक रोजगारमा पुगेर अपाङ्ग भएकाहरूको निम्ति राज्यले चाहिँ ध्यान दिनुपर्छ । राज्य चाहिँ एउटा अभिभावक हो । अभिभावकले ध्यान चाहिँ दिएन भनेपछि ती जनताहरू फेरि पनि राज्यप्रति अनुदार हुने र अर्को कसैको पक्षमा समर्थन ..... (समय सकिएको) ।

(१३:१४ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई उक्त सङ्कल्प प्रस्तावमाथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:१५ बजे) **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"**ः- सम्माननीय अध्यक्षज्यू, अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिहरूको मानव अधिकारको रक्षा उनीहरूको सशक्तीकरण तथा विकासका लागि सरकारको सैद्धान्तिक, राजनीतिक र व्यावहारिक पनि प्रतिबद्धता रहेको छ । सबभन्दा पहिला त म सङ्कल्प प्रस्तावमा माननीय सदस्यहरूले राख्नुभएका अधिकारसम्बन्धी विषय प्रतिष्ठान वा आयोग गठन गर्न सरकार सकारात्मक रहेको कुरा म जानकारी गराउन चाहन्छु । सङ्घ, प्रदेश र स्थानीय सरकारका बार्षिक नीति कार्यक्रम तथा बजेटमार्फत अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिहरूको अधिकार संरक्षण, परिचयपत्र वितरण, तथ्याङ्क सङ्कलनलगायत लक्षित कार्यक्रम सञ्चालन भइरहेको जानकारी पनि म गराउन चाहन्छु । यसलाई थप प्रभावकारी बनाई अपाङ्गता भएका व्यक्तिको सम्मानजनक, मर्यादित र स्वतन्त्र जीवनयापनका लागि सरकार प्रतिबद्ध रहेको जानकारी पनि म यस सम्मानित सदनलाई गराउन चाहन्छु । साथै संघ, प्रदेश र स्थानीय तहमा वार्षिक रूपमा विनियोजन हुने बजेटमार्फत थप लक्षित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रहेको महसुस सरकारलाई भएको छ । यसका लागि आवश्यक कानुनी पूर्वाधारको विकास गर्नुपर्ने, स्थानीय तहमा लागु हुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँग, तहसँग समन्वय र सहकार्यमा नमुना कानुन तयार गर्ने व्यवस्था मिलाईँदैछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रूपमा उपलब्ध बार्षिक बजेट तथा कार्यक्रमका आधारमा अपाङ्गतामैत्री स्थानीय शासन प्रवर्धन गर्नुपर्ने विषयमा अभिमुखीकरण गर्रिँदै आएको जानकारी पनि म गराउन चाहन्छु । यसलाई थप सार्थक बनाउनुपर्ने अझ बढी प्रभावकारी र परिणाममुखी बनाउनुपर्ने आवश्यकता रहेको छ।

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनबमोजिम स्थानीय तहको बजेट निर्माणसम्बन्धी सम्पूर्ण कार्य स्थानीय तहको क्षेत्राधिकार हुने

व्यवस्था छ । यो प्रावधान लामो संघर्ष र त्यागपछि प्राप्त भएको उपलब्धि हो । स्थानीय सरकारलाई संविधानको मर्म र भावनाअनुसार प्रत्येक नागरिकका भावना बुझ्ने, ग्रहण गर्न सक्ने गरी संस्थागत सबलीकरण गर्न आवश्यक छ । मेरो नेतृत्वमा सरकार गठन भएदेखि स्थानीय तहलाई सवल र सक्षम बनाउँदै जनताको सुख, दुःखमा सँगै रहन सक्ने गरी जनउत्तरदायी बनाउन हामी लागिरहेका छौं । सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम राख्दै सेवाप्रदायक सबै निकायहरूमा अपाङ्गमैत्री प्रविधि, पूर्वाधार र व्यवहारको प्रत्याभूतिमार्फत सामाजिक न्याय कायम गर्ने दिशामा यो सरकार प्रतिबद्ध रहेको तथ्य पनि म जानकारी गराउँछु । सबै सेवाप्रदायक निकायमा अपाङ्गता सहायता कक्ष स्थापना गर्न आवश्यक व्यवस्था मिलाइँदै छ ।

सम्माननीय अध्यक्षज्यू, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, ०७४ ले कानुनीरूपमा अपाङ्गता भएका व्यक्तिहरूले पाउने अधिकार तथा सेवासम्बन्धी प्रबन्ध गरिएको छ । सो ऐनको संशोधनमार्फत थप लक्षित कार्यक्रम तय गर्नुपर्ने मैले महसुस गरेको छु, साथै अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिहरूलाई सरकारले सामाजिक सुरक्षा भत्ता तथा संरक्षण गर्ने व्यवस्था गरिएको छ । यसको प्रभावकारिता थप अभिवृद्धि गर्नुपर्ने दायित्व पनि हाम्रो काँधमा रहेको छ । साथै प्राकृतिक प्रकोप, राहत, विपद्, पुनःस्थापना र पुनर्लाभको कार्यक्रममा अपाङ्गता भएका व्यक्तिलाई सरकारले विशेष प्राथमिकतामा राख्दै आएको छ । त्यस्ता व्यक्तिहरूको न्यायोचित आरक्षणसम्बन्धी प्रावधान संघीय निजामती सेवा ऐनको क्षेत्राधिकारभित्र पर्ने र हाल उक्त ऐन संसदमा दर्ता हुने अवस्थामा रहेको छ । एकीकृत संघीय निजामती सेवा ऐनको नेपालको समग्र प्रशासनिक संयन्त्रलाई बलियो तरिकाले जोड्ने र सबै तह र सबै तप्कामा रहेका राष्ट्रसेवक कर्मचारीलाई राष्ट्र निर्माणप्रति प्रतिबद्ध, अनुशासित र उत्प्रेरित बनाउने गरी कानुनी बन्दोबस्त गर्न मेरो नेतृत्वको सरकारले उच्च प्राथमिकतामा राखेको छ । अपाङ्गता भएका वा फरक क्षमता भएका राष्ट्रसेवकहरूलाई कानुनी रूपमै विशेष संरक्षण गर्ने कुरामा म प्रतिबद्धता व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गत निकायबाट सञ्चालन हुने सबै किसिमका कार्यक्रमहरूमा अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिलगायत अल्पसङ्ख्यक, पिछडिएका क्षेत्र, महिला, जनजाति, द्वन्द्व प्रभावित सबैको सहभागिता रहने गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिँदै आएको छ । त्यस्ता व्यक्तिहरूलाई लक्षित गरी छुट्टै कार्यक्रमको रूपमा राष्ट्रिय युवा परिषद्मार्फत सहयोग सामग्री पनि वितरण गरिँदै आएको छ । युवा तथा साना व्यवसायी, स्वरोजगार कोषमार्फत सञ्चालित सहकारीहरूसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूलाई

व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्न विशेष कर्जा उपलब्ध गराउँदै आइएको छ । यसलाई निरन्तरता दिँदै आगामी दिनमा थप कार्यक्रमहरू सञ्चालन गर्दै लगिने प्रतिबद्धतासमेत सम्मानित सदनसमक्ष व्यक्त गर्न चाहन्छु ।

अपाङ्गता फरक क्षमता भएका व्यक्तिहरूका लागि राष्ट्रिय खेलकुद परिषद्मार्फत र विशेष खेलकुद प्रतियोगिता आयोजना गरिँदै आएको छ । चालु आर्थिक वर्षमा, चालु आर्थिक वर्षमा विशेष खेलकुद प्रतियोगिता आयोजनाका लागि रु. ५० लाख बजेट विनियोजन भएको छ । यो कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै बिशेष तथा पारा खेलकुदसँग सम्बन्धित खेलकुद संस्थाहरू दर्ता एवम् सञ्चालन गर्न विद्यमान कानुनी जटिलता भए सरोकारवाला व्यक्ति, समुदाय, संस्थासँग अपाङ्गतामैत्री कानुन निर्माण गर्न सरकार तयार रहेको तथ्य पनि म यहाँ जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, खेलकुदलगायत सबै पूर्वाधार अपाङ्गमैत्री बनाइने सरकारको नीति रहेको छ । आगामी दिनमा हुने पारा ओलम्पिकमा सहभागी हुने खेलाडीहरूलाई तालिम र प्रशिक्षणको व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लगिने छ । साथै उचित र पर्याप्त खेल सामग्रीहरूको व्यवस्थाका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमहरूलाई सरकारले उच्च प्राथमिकतामा राखेको पनि म यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । साथै राष्ट्रियस्तरका पारा र विशेष खेलकुद प्रतियोगितालाई निरन्तरता दिँदै प्रदेश र जिल्लास्तरीय प्रतियोगिताहरू आयोजना गर्न सम्बन्धित खेलकुद संघलाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । पारा ओलम्पिक कमिटीको सिफारिसबमोजिम अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा मनोनयन गरिनेछ । अब बन्ने युवा तथा खेलकुदसम्बन्धी समितिहरूमा अपाङ्गता वा फरक क्षमता भएका युवा तथा खेलाडीहरू समावेश हुने व्यवस्थाको लागि विशेष पहल गरिँदैछ ।

अध्यक्षमा महोदय, अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिहरूको श्रमसम्बन्धी तथा रोजगारसम्बन्धी हकलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिहरू लक्षित विभिन्न रोजगारमुलक कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको छ । उनीहरूको क्षमता र रूचि अनुरुपको कामका लागि स्थानीय सरकारसँगको सहकार्यमा नतिजामुखी काम गर्न सरकार प्रयत्नशील छ । प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, गरिबी निवारण जस्ता कार्यक्रमभित्र अपाङ्गता भएका लाभग्राहीहरूलाई उच्च प्राथमिकता दिनेछ । आगामी

दिनमा यस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी र परिणाममुखी बनाउँदै लगिने सरकारको नीति रहेको छ । साथै अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका उद्योगहरूको लागि कच्चा पदार्थमा भन्सार छुट दिने व्यवस्था मिलाइनेछ । उनीहरूबाट सृजना भएका उत्पादनको सरकारले विशेष संरक्षण गर्ने र स्वावलम्बी जीवनयापनको लागि सम्भव भएसम्म सबै खालको सहयोग गर्ने प्रतिबद्धतासमेत म यस सभामा जानकारी गराउन चाहन्छु ।

अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य र शिक्षाप्रति सरकार संवेदनशील छ । उनीहरूले पाउनुपर्ने स्वास्थ्य तथा शिक्षासम्बन्धी अधिकारको रक्षाका लागि सरकारले सम्भव भएसम्म सबै प्रयास गर्ने प्रतिबद्धतासमेत म यस अवसरमा व्यक्त गर्न चाहन्छु । अपाङ्गता भएका व्यक्तिहरूका लागि स्थानीय तहबाट निःशुल्क स्वास्थ्य बिमा उपलब्ध गरी उनीहरूलाई दैनिक चाहिने स्वास्थ्य र सरसफाइसम्बन्धी सामग्रीहरू स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध हुने व्यवस्था मिलाइएको छ । र यसलाई अझ प्रभावकारी बनाइनेछ ।

अध्यक्ष महोदय, अपाङ्गता भएका व्यक्तिहरूको हक, अधिकार प्रचलनमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मितिमा भएका आदेशहरूको कार्यान्वयन गर्न पनि सरकार प्रतिबद्ध रहेको छ, साथै त्यस्ता व्यक्तिहरूको न्याय प्राप्तिका लागि कानुनी सुरक्षणमा समेत सरकार सचेत एवम् संवेदनशील छ । हिंसा, शोषण र दुर्व्यवहारमा परेका अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा न्यायमा पहुँच सुनिश्चित गर्न प्रहरी संयन्त्र, उजुरी प्रक्रिया, बयान लिने प्रक्रियाहरू अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष रूपले सरल, सहज र समावेशी बनाउने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको जानकारी पनि म गराउन चाहन्छु ।

साथै अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने सबै प्रकारका हिंसा र शोषणको अन्त्य अनि विभिन्न प्रकोप र विपद्को अवस्थामा उनीहरूको जिउ, धनको सुरक्षाप्रति सरकार सचेत एवम् संवेदनशील छ । अभिभावक वा संरक्षक नभएको वा भएर पनि संरक्षण गर्न नसक्ने व्यक्तिहरूको संरक्षणको जिम्मा सरकारले लिनुपर्ने जिम्मेवारी सरकारलाई बोध छ । आज माननीय सदस्यहरूले यो सङ्कल्प प्रस्तावमार्फत सरकारको गम्भीर ध्यानाकर्षण गराउनुभएको छ । यो कुरा प्रष्टै छ कि हाम्रो संविधानले जे व्यवस्था गरेको छ र जे कानुनी व्यवस्था मिलाइएको छ । नीतिगत जे निर्णय गरिएको छ, त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न सबैको सहयोग आवश्यक छ । यस्ता सङ्कल्प प्रस्ताव, ध्यानाकर्षण गर्ने प्रस्तावहरू र विभिन्न समयमा सदनमा हुनले छलफल, बहसले सरकारलाई आफ्नो काम अझ प्रभावकारीरूपले कार्यान्वयन गर्न मद्दत पुग्ने मैले महसुस गरेको छु । यस अर्थमा

सङ्कल्प प्रस्तावका प्रस्तावक र यसलाई समर्थन गर्ने सबै माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु र म बिदा हुन्छु । धन्यवाद । अभिवादन ।

**(१३:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव" सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सभाबाट सर्वसम्मतिले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनका लागि सम्माननीय प्रधानमन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिबद्धतासमेतका आधारमा अन्तरमन्त्रालय, निकाय, तह र सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरी एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गर्न र हरेक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक कार्य प्रगति प्रतिवेदन सभासमक्ष पेस गर्न नेपाल सरकारलाई यो सभा निर्देशन गर्दछ ।

(माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाउनुभएको) ।

साथै सभाअन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्नसमेत निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्व विद्यालय विधेयक, २०८०" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

**(१३:२८ बजे)** **मानननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोककुमार राई**ः- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूसम्बन्धी व्यवस्थाअन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेको छ । नेपालको संविधानको धारा ३५ मा रहेको स्वास्थ्यसम्बन्धी हकको संरक्षणको लागि आवश्यक पर्ने जनशक्ति स्वदेशमै अझ बढी उत्पादन गरी स्वास्थ्य सेवातर्फको पहुँच वृद्धि गर्नुपरेको छ । राष्ट्रिय चिकित्सा शिक्षासम्बन्धी संघीय कानुनमा नेपाल सरकारले चिकित्सा शिक्षा अध्ययन अध्यापन गराउनको लागि चिकित्सा शिक्षा विश्वविद्यालय स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । सोको सार्थकताको लागि तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुऱ्याउन चिकित्सा शिक्षातर्फ छुट्टै विश्वविद्यालय आवश्यक भएको छ । चिकित्सा शिक्षाको अध्ययन अध्यापनमा गुणस्तरीयता कायम गर्दै स्वदेशमै यसको अध्ययन अध्यापनको प्रभावकारितामा वृद्धि गरी देशका सबै क्षेत्रमा सन्तुलित रूपमा शैक्षिक जनशक्ति उत्पादन गरी नागरिकको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी सन्तुलित विकास, अवसरको वृद्धि र सुलभ रूपमा उपचार प्रदान गर्न आवश्यक व्यवस्थाको लागि सम्बन्धन दिन नपाउने गरी सरकारी विश्वविद्यालयको रूपमा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले सम्माननीय

अध्यक्ष महोदयको अनुमतिले "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०" सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१३:३१ बजे) सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईलाई "विधायनसम्बन्धी विधेयक, २०८०" लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**(१३:३१ बजे) माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोककुमार राई**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विधायनसम्बन्धी विधेयक, २०८०" लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१३:३१ बजे) सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म "विधायनसम्बन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "विधायनसम्बन्धी विधेयक, २०८०" लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै १६ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३:३२ बजे ।**